# खपको पहिचान

## कक्षा ५



## स्थानीय पाठ्यक्रम

भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२



दशैंको अष्टमीमा खाइने कुछिभ्वय्



दशैंको टिका

# भक्तपुर नगरपालिका

## स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२

# ख्वपको पहिचान

## आधारभूत शिक्षा

## कक्षा ५

**प्रस्तुतकर्ता**

स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्यदल :

१. योगेन्द्रमान बिजुक्छें

२. सिद्धिरत्न शाक्य

३. उद्धव सुजखु

४. रोशनराज तुइतुईं

५. राजेन्द्रप्रसाद श्रेष्ठ

**प्रकाशक**
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

**ले–आउट**
दत्तात्रय डिजाइन एण्ड प्रि–प्रेस
भक्तपुर, ९८४९६८४८०१

**सर्वाधिकार © : प्रकाशकमा निहित**
दोस्रो संस्करण : वि.सं. २०८२
प्रथम संस्करण : वि.सं. २०७८

**मुद्रण**
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

कभर फोटो : जंक्व (भीमरथारोहण)

| क्षेत्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| क्षेत्र १ | ख्वप देय्को चिनारी | १ |
| क्षेत्र २ | ख्वपको इतिहास | २ |
| क्षेत्र ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ४ |
| | (क) ख्वपमा पाइने थरहरू | ४ |
| | (ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ५ |
| क्षेत्र ४ | स्थानीय बोलीचाली र लिपि | ६ |
| | (क) रैथाने भाषामा व्यवहार, स्वभाव, अवस्था | ६ |
| | (ख) रैथाने भाषामा कुराकानी | ७ |
| | (ग) प्रचलित लिपि र रञ्जना लिपि | ७ |
| क्षेत्र ५ | व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा | १० |
| क्षेत्र ६ | स्थानीय विविध संस्कृति | ११ |
| | (क) मोहनी (दशैं) | ११ |
| | (ख) भक्तपुरको करुणामय | १४ |
| क्षेत्र ७ | प्रचलित स्थानीय संस्कार | १६ |
| | (क) भीम रथारोहण | १६ |
| क्षेत्र ८ | स्थानीय कला र सम्पदाहरू | १८ |
| | (क) स्थानीय मन्दिरहरू | १८ |
| | (ख) स्थानीय वहा | २० |
| | (ग) स्थानीय चर्च | २१ |
| | (घ) स्थानीय पोखरीहरू (पुखु) | २२ |
| | (ङ) स्थानीय घाटहरू | २३ |
| | (च) स्थानीय नाच | २४ |
| | (छ) स्थानीय दरबार | २६ |
| | (ज) स्थानीय गहना | २७ |
| | (झ) स्थानीय फल्चा | २८ |
| क्षेत्र ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | २९ |
| | (क) पेसा | २९ |
| | (ख) सहरी हरियाली व्यवस्थापन | २९ |
| | (ग) बुनाइ | ३० |
| | (घ) खेती | ३० |
| | (ङ) खाद्य भण्डारण | ३१ |
| | (च) सहकारी संस्था | ३१ |
| | (छ) छ्वाली कला | ३२ |
| | (ज) शुभकामना कार्ड | ३२ |
| | (झ) नेवारी खाद्य परिकार | ३३ |
| क्षेत्र १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | ३४ |
| क्षेत्र ११ | स्थानीय खेल | ३५ |
| क्षेत्र १२ | स्थानीय पर्यटन | ३६ |
| निरन्तर मूल्याङ्कन प्रणाली | | ३८ |

# भक्तपुर नगरपालिका
## BHAKTAPUR MUNICIPALITY
### नगर कार्यपालिकाको कार्यालय
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ९६२
चलानी नं. : २५२

मिति:- २०८२।४।२

## नगर प्रमुखको भनाइ

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारअनुसार वि.सं २०७५ सालदेखि २०७८ सालसम्म प्रत्येक वर्ष दुई दुई वटा कक्षाहरूको पाठ्यक्रम तयार गरी चार वर्षमा कक्षा १ देखि ८ सम्म नगरका ९२ वटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गर्‍यौं । स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्ताका बालबालिकाहरूलाई भक्तपुरको विशेषता र पहिचानकाबारे अवगत गराउने हाम्रो उद्देश्य हो । भक्तपुर नगर प्राकृतिक रूपमा धनी नभए पनि आफ्नै मौलिक संस्कृति, सम्पदा, परम्परागत ज्ञान, सीप र सभ्यतामा अब्बल छ ।

पाठ्यक्रम लागु भएको विगतका केही वर्षमा प्रत्यक्ष अनुभव हुनेगरी विद्यालयमा पढ्ने बालबालिकाहरूमा आफ्ना संस्कृति, सम्पदा र परम्पराकाबारेमा चासो बढेको र यसलाई आत्मसात गर्न थालेको कुरा गत वर्ष मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सम्पन्न पाँच दिने भक्तपुर महोत्सवले पनि पुष्टि गरिसकेको छ । जन्मदेखि मृत्यु पर्यन्त नेवारी संस्कारगत क्रियाकलापको प्रदर्शनीमा विद्यालयमा पढ्ने बालबालिकाको सहभागिताले यसलाई पुष्टि गर्‍यो । हाम्रो आफ्नै सम्पदा र जीवनशैलीका बारेमा उनीहरूमा थप कौतुहलता स्थानीय पाठ्यक्रमको पठनपाठनले जगाईदिएको छ । विभिन्न अन्य पालिकहरू पनि हाम्रो यस प्रयासका बारेमा चासो राख्दै स्थानीय पाठ्यक्रम निर्माण गर्न उत्साहित भए । यसमा हामी सबै खुशी छौं ।

समय समयमा पाठ्यक्रमलाई परिमार्जन पनि गनुपर्ने मान्यताअनुसार विभिन्न सुझावहरू पनि हामीले प्राप्त गर्‍यौं । ती सुझावलाई केलाउँदै हामीले पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूसंग निरन्तर छलफल पनि गर्‍यौं र आवश्यक परिमार्जनका लागि सोही कार्यदललाई परिमार्जनका लागि पहल गर्न जिम्मेवारी दियौं । करिब ९ महिनाको निरन्तर प्रयासमा कार्यदलले हामीलाई परिमार्जित पाठ्यक्रमको मस्यौदा बुझायो र त्यसमा आवश्यक छलफल र पृष्ठपोषणसहित हामीले यसलाई अन्तिम चरणमा पुर्‍यायौं । परिमार्जन गर्ने कार्यदलका साथीहरु, स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू तथा लागु गर्न सहजीकरण गर्ने सबै प्रधानाध्यपकहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछौं । पहिलेका वर्षहरूमा जस्तै यसको पठन-पाठनलाई अझ व्यवस्थित रुपमा अगाडि लैजान सबै सरोकारवालाहरुले आआफ्नो स्थानमा रहेर सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने आशा गर्दछौं ।

२०८२।४।२

सुनिल प्रजापति

प्रमुख

प्रमुख: ६६१००९६, उपप्रमुख: ६६२०६७०, प्रशासन शाखा: ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृत: ६६१००७६, लेखा शाखा: ६६१२७२१, योजना शाखा: ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाईट :- www.bhaktapurmun.gov.np

# हाम्रो भनाइ

पाठ्यक्रम निर्माणको प्रक्रियामा पाँच वर्षमा परिमार्जन र दश वर्ष पश्चात् परिवर्तन गरिनुपर्ने मान्यता रहिआएको छ । भक्तपुर नगरपालिकाद्वारा निर्मित यस स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' निर्माणको शुरुवातको वर्ष वि.सं. २०७५ थियो । सो वर्ष कक्षा १ र ६ को, दोस्रो वर्ष २०७६ मा कक्षा २ र ७, तेश्रो वर्ष २०७७ मा कक्षा ३ र ८ तथा चौँथो वर्ष २०७८ मा कक्षा ४ र ५ को पाठ्यक्रम तयार गरी सो चौँथो वर्षमा कक्षा १ देखि ८ सम्म पूर्ण लागुसमेत भएको सर्वविदितै छ । पाठ्यक्रम निर्माणको पहिलो वर्ष २०७५ सालबाट गणना गर्दा पाठ्यक्रम लागु भएको ७ वर्ष तथा चौँथो वर्ष २०७८ बाट गणना गर्दा ४ वर्ष पूरा भइसकेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम लागु भएको वर्षदेखि नै पाठ्यक्रमका विविध पक्षका बारेमा निर्माण कार्यदलले पनि निरन्तर अध्ययन गर्दै आयौँ । अपेक्षा अनुसार परिमार्जन गर्दा ध्यान दिनुपर्ने विभिन्न विषय तथा सुझावहरू समेत निरन्तर प्राप्त गर्दै आयौँ । विशेषतः कक्षामा पढाउने शिक्षकहरूबाट पाठ्यक्रममा गरिनुपर्ने सुधारका बारेमा गहकिलो सुझावहरू प्राप्त भयो । देशभरिमा नै पालिकास्तरमा पहिलोपल्ट लागु भएको स्थानीय पाठ्यक्रको पठनपाठन कसरी भइरहेको छ भन्ने बारेमा नगरपालिका स्वयं पनि चनाखो रह्यो । पठनपाठन सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले दुई विज्ञहरूलाई कक्षा अवलोकन र अनुगमनको व्यवस्था पनि गर्‍यो ।

पाठ्यक्रम लागु भएको २/३ वर्षमै आफ्ना नानीहरूले स्थानीय सम्पदा र संस्कृतिसम्बन्धी चासो राख्न थाल्नुलाई धेरै अभिभावक, जनप्रतिनिधि तथा शिक्षकहरूले सकारात्मक रुपमा लिएको बुझियो । यसका साथै नैतिक शिक्षा तथा व्यवहारजन्य सीप र ज्ञानका बारेमा पनि पाठ्यक्रममा समावेश गरिनुपर्ने सुझाव निरन्तर आइरह्यो । कुनै विषयवस्तुहरू तल्लो कक्षाबाट माथिल्लो कक्षामा राखिनुपर्ने र कुनै माथिल्लोबाट तल्लो कक्षामा लैजानुपर्नेदेखि लिएर पाठ्यपुस्तकको व्यवस्था गरिए पठन–पाठन सहज हुने सुझावहरू निरन्तर प्राप्त भइरह्यो । यी यावत् सल्लाह र सुझावहरूलाई कार्यदलले नगरपालिकको शिक्षा समितिमा जानकारी गरायो । शिक्षा समितिले यस विषयमा आवश्यक छलफल गरी पाठ्यक्रम परिमार्जनका लागि निर्माण कार्यदललाई नै जिम्मा लगायो ।

पाठ्यक्रम परिमार्जनका प्रक्रियाहरूको मान्यतालाई अनुसरण गर्दै पाठ्यक्रमले लिएका उद्देश्य अनुरुप विद्यार्थीहरूले ख्वपका बारे हासिल गरेका आधारभूत ज्ञानको तह थाहा पाउन कार्यदलले विगत ५/६ वर्षदेखि स्थानीय पाठ्यक्रमको अध्ययन गरेका आठ कक्षाका विद्यार्थीहरूमध्ये करिब २५ प्रतिशतलाई उपलब्धि परीक्षण (Achievement Test) २०८१ पुस महिनामा सम्पन्न गरी प्राप्त तथ्यहरूको विश्लेषण गरियो । साथै, सो विश्लेषणलाई नगरपालिका शिक्षा समिति, पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू, जनप्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरू माझ प्रस्तुत गरी छुट्टाछुट्टै छलफल तथा परामर्श बैठकहरू गरी सुझाव सङ्कलनसमेत गरियो । यी नै सुझावहरूका आधारमा फागुन/चैत्र देखि परिमार्जन कार्यलाई सघन रुपमा अगाडि बढाइयो र परिमार्जित पाठ्यक्रमको पहिलो मस्यौदा नगरपालिकालाई श्रावण महिनामा बुझाइयो । नगर कार्यपालिकाबाट परिमार्जित पाठ्यक्रम सुझावसहित श्रावण महिनामै अनुमोदन भयो ।

परिमार्जित पाठ्यक्रमका विशेषताका बारेमा भन्नुपर्दा 'व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा' नामक नयाँ एकाइ थप गरी १२ एकाइ पुर्‍याइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७८ अनुरुप कक्षा १ देखि ३ सम्म परिवर्तित निरन्तर मूल्याङ्कन (CAS) प्रणाली तथा कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मकको व्यवस्था गरिएको छ ।

वागमती प्रदेशले नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजी भाषाको मान्यतासमेत दिइसकेको तथा ख्वपका विद्यालय र कलेजहरूमा तामाङ्ग भाषाभाषी विद्यार्थीहरूको सङ्ख्या बढ्दै गएको तथ्यलाई मनन गरी स्थानीय केटाकेटीहरूले पनि तामाङ्ग भाषाका सामान्य बोलीचालीका शब्द र वाक्यहरू सिकून् भन्ने उद्देश्यले कक्षा ६ देखि ८ सम्म चौँथो एकाइमा स्थानीय नेपालभाषासँगै तामाङ्ग भाषालाई पनि समावेश गरिएको छ । कक्षा १ देखि ८ सम्मका पाठ्यभार तथा मूल्याङ्कन ढाँचा लेटर ग्रेडिङ पद्धति २०७८ अनुसार मिलाइएको छ । पाठ्यक्रमको आधारमा पठनपाठन गर्न सहज बनाउन परिमार्जित पाठ्यक्रममा सम्भावित शिक्षण सिकाइलाई केही विस्तृत बनाइएको छ भने नयाँ सन्दर्भ सामग्री भाग ४ र ५ को प्रकाशन तथा भक्तपुर नगरपालिकाको मासिक प्रकाशन भक्तपुर मासिकमा छापिएका विभिन्न आलेखहरूको सङ्ग्रहसमेत छुट्टै प्रकाशनले शिक्षकहरूलाई पर्याप्त सन्दर्भ सामाग्री उपलब्ध हुने विश्वास लिएका छौं ।

अन्त्यमा, पाठ्यक्रम परिमार्जनको कार्यमा सहयोग गर्नुहुने शिक्षकहरू, जनप्रतिनिधिहरूलगायत अन्य सरोकारवालालाई परिमार्जन कार्यदल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । सन्दर्भ सामाग्रीका लागि पाठ्यक्रमसँग सम्बन्धित विविध विषयहरूमा आलेखहरू लेखी सहयोग गर्नुहुने सबै विद्वत वर्गहरू, तामाङ भाषाको लागि सहयोग गर्नुहुने शिक्षक राजु तामाङ र आलेख सङ्कलन र टाइपिङ्ग गरी यस कार्यमा सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरू, लेआउट डिजाइनमा सहयोग गर्नुहुने रश्मी खागी, कार्यदलको सचिवालयको लागि स्थान उपलब्ध गराई कम्प्युटर, प्रिन्टर, छपाइ तथा मसलन्द सामग्रीको व्यवस्था र अन्य आवश्यक सहयोग गर्नुभएकोमा विद्यार्थी निकेतन मा.वि. तथा शारदा मा.वि.लगायत सबैमा साधुवाद ।

स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल
भक्तपुर नगरपालिका
श्रावण, २०८२

# भूमिका
# (पहिलो संस्करण २०७८)

हामी भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण अभियानको पाचौं बर्ष र कार्यान्वयनको चौथौं वर्षमा आइपुगेका छौं । यस बर्ष २०७८ सालमा कक्षा ४ र ५ को 'ख्वप पहिचान' तपाईहरूको हातमा पुऱ्याउने कार्यले साकार रुप लिएको छ । संसारको हरेक देश र क्षेत्रलाई नराम्ररी गाँजेको कोभिडको महामारीले यस पाठ्यक्रम निमार्णको कार्यलाई पनि नराम्ररी थलापारेको थियो । २०७४ माघ २३ मा गठित कार्यदलको कार्यहरू जुन गति र लयमा अगाडि बढिरहेको थियो, कोभिड महामारीकै कारण त्यसमा ब्रेक लाग्नपुग्यो । एकातिर, बन्दाबन्दीको कारणले भौतिक रुपमासँगै बसेर गम्भिर रुपमा छलफल गरी कार्यसम्पादन गर्न सकस र अर्कोतिर भौतिक रुपमा विद्यालयहरू सञ्चालन हुन नपाउँदा तयार भएको पाठ्यक्रमलाई कार्यान्वयन गर्न पनि जटिल । यद्यपि, हामी ४ र ५ कक्षाको पाठ्यक्रम तयार गरी प्रस्तुत गर्न सफल भयौं ।

कक्षा, १, २, ३, ६, ७ र ८ कक्षाहरूमा एघारै एकाईमा समावेश हुन बाँकि बिषयवस्तुहरूलाई ४ र ५ मा समावेश गरिएको छ । सामान्यतया धेरैले चासो नराख्ने तर मह¨वपूर्ण तथ्य जस्तै भक्तपुर र सिम्रौनगढको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र बौद्धिक सम्बन्ध, मूर्त सम्पदामध्ये फल्चा (पाटि), बहा र मस्जिद, बौद्धमार्गीहरूमा दशैंको अथवा मोहनीको परम्परा, बयोबृद्धलाई गरिने सन्मान जंको अथवा भीम रथारोहणको संस्कार, श्री पञ्चमी र सरस्वती पूजा जस्ता परम्परा र संस्कारहरूलाई समावेश गरिएको छ । तर यी नेवार संस्कृतिको मह¨वपूर्ण परम्परा र संस्कारमा भएका अन्धविश्वास र कूरीतिलाई हटाउने र त्यसमा अन्तरनिर्हित बैज्ञानिक तथ्यलाई उजागर गर्ने समेत प्रयास गरिएकोछ ।

बिना पाठ्यपुस्तक पठनपाठन गर्नुपर्दा कक्षाकोठामा शिक्षकले भोग्नु पर्ने समस्यालाई सहजिकरण गर्न यस पाठ्यक्रमको कार्यान्वयनको साथसाथै 'ख्वप पहिचान – ३' सन्दर्भसामाग्रीको पनि तयारी भई छिटै प्रकाशित हुने सर्हष जानकारी गराउँदछौं । यस ४ र ५ कक्षाको पाठ्यक्रम निमार्ण कार्यान्वयनको साथसाथै स्थानीय निकायले कक्षा १ देखि ८ सम्मका कक्षाहरूमा स्थानीय पाठ्यक्रम निमार्ण गरी पठनपाठन गराउन सकिने राष्ट्रिय पाठ्यक्रमको प्रारुप र ढाँचामा भएको ब्यबस्था बमोजिम भक्तपुर नगरपालिकामा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको पठनपाठनले एउटा चरण पार गरेको छ । निःसन्देह भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम निमार्ण गरी कार्यान्वयन गर्ने नेपालको पहिलो नगरपालिका हुनसकेकोमा हामी सबै भक्तपुरबासीको लागि गर्वको बिषय बनेको छ । अझ यो भन्दा सुखद कुरा भनेको नेपालको अन्य धेरै स्थानीय निकायहरूलाई आफ्नो स्थानीय बिशेषता प्रति सचेत र गर्व गर्न सिकाएकोछ । त्यस्तै, नेपाल जस्तो भौगोलिक, सांस्कृतिक, सामाजिक र धार्मिक रुपले विविधता रहेको देशमा राष्ट्रिय पाठ्यक्रमले समेत्न नसकेका र केन्द्रीय राज्यबाट उपेक्षित भएका अल्याख स्थानीय मूर्त र अमूर्त सम्पदा र परम्परा तथा संस्कारहरूको पहिचान र उजागर हुने कार्यमा देशभर निमार्ण हुँदै गरेका स्थानीय पाठ्यक्रमले टेवा पुऱ्याएको छ ।

भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निमार्णको यस उदाहरणीय र पायोनियरिगि कार्यमा यस कार्यदललाई यहाँका शिक्षक, प्रधानाध्यापक, विद्यालय परिवार, बुद्धिजीवि, पत्रकार, लेखक, अभिभावक, जनप्रतिनिधि, सांस्कृतिकर्मीहरू, सम्पदाविद्हरू, राजनीतज्ञहरू तथा अन्य सामाजिक अभियन्ता र सरोकारवालाहरूले पुऱ्याउनुभएको सहयोग र सदभावको जति सह्राना गरेपनि कमै हुन्छ ।

विगत चार बर्षको अवधिमा कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निमार्णको मह¨वपूर्ण चरण पार भइसकेको सन्दर्भमा पाठ्यक्रम निर्माण र त्यसमा सुधार, परिमार्जन र परिर्वतनको विश्वब्यापी मान्यता अनुसार आगामी दिनहरूमा यी पाठ्यक्रमहरूमा हुने परिमार्जन तथा पुनर्लेखन र परिवर्तनमा पनि सबै सरोकारवालाहरूको सहयोग र सद्भावको कार्यदल अपेक्षा गर्दछ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७८

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान — पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक — उत्तीर्णाङ्क :
तह : आधारभूत शिक्षा तह — प्रतिहप्ता पाठघण्टी : ४ — जम्मा पाठघण्टी : १२८

**पाठ्यक्रम परिचय**

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेश गरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले 'ख्वपको पहिचान' नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू: ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, व्यावहारिक तथा जीवनोपयोगी सीप, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

**साधारण उद्देश्य**

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाइपछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू (स्थानीय पक्षहरू) मा सक्षम हुनेछन् :

(१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
(२) ख्वपको इतिहासको वर्णन गर्न ।
(३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
(४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
(५) दैनिक जीवनमा व्यावहारिक तथा जीवनोपयोगी सीप प्रयोग गर्न ।
(६) प्रचलित स्थानीय संस्कारहरूको महत्त्व बताउन ।
(७) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न ।
(८) स्थानीय कला र सम्पदा पहिचान गर्न ।
(९) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
(१०) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
(११) परम्परागत स्थानीय खेलहरू खेल्न ।
(१२) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

# स्थानीय पाठ्यक्रम

शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | प्रतिहप्ता पाठघण्टी : ४
कक्षा : पाँच | जम्मा पाठ घण्टी : १२८

## परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १ देखि ८) मा कक्षा ५ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यस पाठ्यक्रममा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको पाठ्यक्रमले नसमेटेका स्थानीय विषयवस्तुहरू समावेश गरिएका छन् । यस स्थानीय पाठ्यक्रममा रहेका विषयवस्तुहरूले यहाँका स्थानीय इतिहास, कला संस्कृति, सम्पदा रहनसहन आदिको जानकारीका साथै रैथाने विभिन्न पक्षहरूको बारेमा ज्ञान, सीप र धारणाको विकास गराई आफू ख्वपवासी भएकोमा गर्व भएको महसुस गराउँदछ ।
यस पाठ्यक्रममा ख्वपको भौगोलिक र भौगर्भिक अवस्था, नेपालमण्डललाई निरन्तर वाह्य आक्रमण हुनुको कारण, स्थानीय संस्कृतिहरू, र संस्कारहरू साथै स्थानीय बहा बही समावेश गरिएका छन् । त्यसैगरी स्थानीय सीप, प्रविधि र व्यवसायहरू, विशिष्ट व्यक्ति¨वहरू, जोखिम व्यवस्थापन, नैतिक आचरण, वातावरण प्रदूषण र फोहर व्यवस्थापन, स्थानीय मन्दिर तथा नाचहरू, स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि, रैथाने खेलहरू तथा पर्यटनजस्ता विषयवस्तुहरू समेटिएका छन् । यस पाठ्यक्रमको मुख्य विशेषता भन्नु नै विषयवस्तुहरूलाई प्रयोगात्मक रूपमा व्यावहारिक पक्षलाई ध्यान दिनु हो । यस पाठ्यक्रम अध्यापन गराउँदा विद्यार्थी केन्द्रित भई अवलोकन, परियोजना कार्य दिने तथा विद्यार्थीहरूले आफै अनुभव गर्ने, र संलग्न हुने क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुनेछ । यसले विषयवस्तुभन्दा अवधारणालाई जोड दिएको छ। यस पाठ्यक्रमले विद्यार्थीहरूमा स्थानीय विभिन्न परम्परागत शैलीलाई विज्ञानसँग जोड्ने र प्रकृति समाज अनुकूल परिवर्तन गर्न सहयोग मिल्नेछ । यस पाठ्यक्रमको कक्षागत सक्षमता निम्नअनुसार रहेको छ ।

## कक्षागत उद्देश्यहरू

कक्षा पाँचको अध्ययन पूरा गरेपछि ख्वपको पहिचान विषयमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

- ख्वप दे वरिपरि अवस्थित अन्य नेवार बस्तीहरूको भौगोलिक अवस्था बताउन ।
- मध्यकालमा नेपालमण्डलको राजधानीको रूपमा विकसित ख्वप देको बौद्धिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रूपमा विकास भएको बताउन ।
- ख्वप देमा रहेका रैथाने नेवार जातिका थरहरूको शाब्दिक अर्थ बताउन ।
- ख्वप देका विभिन्न क्षेत्रमा योगदान गरेका विशिष्ट व्यक्ति¨वहरूको परिचय दिन ।
- गुँला पर्व बारेमा विस्तृत विवरण तयार गर्न ।
- ख्वपमा मनाउने मोहनी नखः अवधिभर सञ्चालन हुने पुजाआजा र क्रियाकलापबारे वर्णन गर्न ।
- दशैँलाई बौद्ध धर्मालम्बीहरूले शस्त्र अस्त्र परित्याग दिवसको रूपमा मनाइने तथ्य वर्णन गर्न ।
- भक्तपुरको करुणामय र त्यहाँको विहारको नाम र स्वरुप वर्णन गर्न ।
- भीमरथारोहणबारे बताउन ।
- रैथाने भाषामा मानिसहरूको बानी, व्यवहार, स्वभाव, शारीरिक र मानसिक अवस्था जनाउने शब्दहरूको अर्थ बताउन ।
- स्थानीय नेपाल भाषाबाट पत्रपत्रिका बारेमा कुराकानी गर्न ।

- रञ्जना लिपिको विशेषता बताउन र लिपि लेख्ने कलमको निर्माण गर्न ।
- स्थानीय मन्दिर, बहा र तिनको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूको वर्णन गर्न ।
- स्थानीय घाटहरूको परिचय दिन ।
- स्थानीय नाचहरू, दरबारहरूको परिचय दिन ।
- फल्चाको परिचय दिई यसको महत्त्व बताउन ।
- परम्परागत पेशा ज्यालु वानेगु, पुरोहित कार्य, ज्योतिष कार्यको परिचय, फाइदा तथा यसको आधुनिकताबारेमा बताउन ।
- शहरी हरियाली ब्यवस्थापनको परिचय दिन र यसका फाइदाहरू बताउन ।
- परम्परागत प्रविधिबाट खानेकुराहरू भण्डारण गर्ने प्रविधिको परिचय दिन ।
- सहकारी संस्थाको परिचय दिई यसका फाइदाहरू बताउन ।
- छ्वालीबाट चित्र बनाउन तथा शुभकामना कार्ड बनाउन ।
- सामान्य जोखिम व्यवस्थापन गर्न र नैतिक आचरण प्रस्तुत गर्न ।
- वातावरण प्रदूषण तथा फोहर व्यवस्थापन गर्न ।

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१. ख्वपको चिनारी** | १. ख्वप दे बाहेक भक्तपुर जिल्लाका अन्य नेवार बस्तीहरूको बारेमा बताउन । | भक्तपुर जिल्लाको ख्वप दे बाहेक मध्यकालीन समयदेखि यसको वरिपरि अन्य नेवार सहरहरूको विकास भइसकेको र उनीहरूको बीचको अन्योन्याश्रित सम्बन्ध समेत भएको । | ❑ सिङ्गो नेपालमण्डलको राजधानी भइसकेको ख्वपदेको वरिपरि चारै दिशामा अन्य नेवार बस्ती र सहरहरूको मध्यकालमै भइसकेको जानकारी गराउदै ख्वपलाई केन्द्र बनाई वरिपरिको बस्ती र सहर अङ्कित नक्सा देखाउने ।<br>❑ ख्वप नगरबाहेक अन्य नेवार बस्तीहरूको जानकारी दिने ।<br>❑ सम्भव भए अध्ययन भ्रमण गर्ने । | भक्तपुरको नक्सा | ख्वप दे बाहेक भक्तपुर जिल्लामा अन्य नेवार बस्तीहरू कहाँ कहाँ छन् ? | ५ |
| | २. ख्वप दे वरिपरि अवस्थित अन्य सहर तथा नेवार बस्तीहरूको भौगोलिक र भौगर्भिक अवस्था बताउन । | ० ख्वप दे र यसको पश्चिममा अवस्थित सहरहरू उपत्यकाको खाल्डोमै अवस्थित भएको तर पूर्वका बस्ती तथा सहरहरू भौगोलिक रूपमा अलि उचाइ तर समथर भू-सतहमै अवस्थित भएको । | ❑ ख्वपको उत्तर पश्चिमतिर बोडे, नगदेश, थिमी, चपाचो साँखु; पूर्वमा नाला, साँगा, बनेपा, धुलिखेल; दक्षिण पूर्वमा पनौती बस्तीहरू रहेको तथा त्यसभन्दा पूर्वमा दोलखासम्म नेवार बस्ती र सहरको विकास भइसकेको तथ्य चर्चा गर्ने ।<br>❑ यी सबै नेवार सहर र बस्तीहरू समथर भू-सतह भएको स्थानमै अवस्थित भएको र त्यहाँ बाटोघाटो, ढल-निकास तथा खानेपानीको बन्दोबस्त राम्रो भएको चर्चा गर्ने । | नक्सा | - ख्वप दे बाहेक अन्य नेवार बस्तीहरूका बारेमा वर्णन गर्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२. ख्वपको इतिहास** | १. ख्वप दे सिङ्गो नेपालमण्डलको राजधानीको रूपमा स्थापित भएको बताउन । | – सुरक्षाको दृष्टिकोणले काठमाडौँ र पाटनभन्दा भक्तपुर (ख्वप दे) सुरक्षित भएकोले राजा आनन्ददेवले पूर्वमध्यकालमै यसलाई सिङ्गो नेपालमण्डलको राजधानीको रूपमा स्थापित गरेको । | ❑ काठमाडौँ र पाटनभन्दा भक्तपुर (ख्वप दे) सुरक्षित भएकोले राजा आनन्ददेवले भक्तपुरलाई राजधानी बनाई त्रिपुर दरबारबाट शासन चलाएको चर्चा गर्ने ।<br>❑ भक्तपुर राजधानीको रूपमा स्थापित हुँदा नेपालमण्डलको सिमाना पूर्वमा दोलखा, उत्तरपश्चिममा नुवाकोट, दक्षिण पश्चिममा चित्लाङसम्म फैलिएको तथ्य चर्चा गर्ने ।<br>❑ यसबेला नेपालमण्डलबाट पश्चिममा खसमल्ल राज्य र दक्षिणपूर्वमा डोय वा सिम्रौनगढ यसलाई चुनौति दिन सक्ने शक्तिशाली राज्यहरू भएको र यी राज्यहरूले नेपाल भनेको भक्तपुर केन्द्रित नेपालमण्डललाई नै आधिकारिक नेपाल मान्ने परम्परा रहेको चर्चा गर्ने ।<br>❑ दिल्लीका सुल्तान गयासुद्धिन तुगलकको मुसलमानी आक्रमणपश्चात् उत्तर भारतको विख्यात शिक्षाको केन्द्र नालन्दा र विक्रमशिलाका विद्वानहरूको आश्रयस्थल नेपालको तराई (हालको बारा जिल्ला) तिरहुत राज्य वा सिम्रौनगढ हुनपुगेको तथ्यबारे छलफल गर्ने ।<br>❑ वि.सं. १३८१ मा सिम्रौनगढ पनि मुसलमानी आक्रमणबाट आक्रान्त भएपछि त्यसबाट बच्न धेरै बौद्ध विद्वानहरू अमूल्य ग्रन्थहरूसहित नेपाल भित्रिएको र उनीहरूलाई ख्वपमा स–सम्मान आतिथ्य प्रदान गरी आश्रयको बन्दोबस्त गरेका तथ्यहरूको चर्चा गर्ने । | नक्सा | – ख्वप दे किन राजधानीको रुपमा स्थापित भएको थियो ? | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| (ख) नेपाल मण्डलका चर्चित शासक राजाहरू | २. नेपाल मण्डलका चर्चित शासक राजाहरूमध्येका यक्ष मल्लले सामाजिक, धार्मिक र आर्थिक उन्नयनमा देन | १. जयस्थिति मल्लका नाति यक्ष मल्ल नेपालमण्डलका प्रभावशाली राजाहरू मध्येका थिए । | ❑ आफ्ना बुवा ज्योतिर मल्लको मृत्युपश्चात् राजा भएका यक्ष मल्लले नेपालमण्डलाई राजनीतिक, आर्थिक र सांस्कृतिक रूपमा अझ समृद्ध गरेको मानिन्छ ।<br>❑ उनले दत्तात्रयको मन्दिर, तमारीको लुँहिति (सुनको ढुङ्गेधारा) लायकुको ५५ झ्याले दरबार र यक्षेश्वर महादेवको मन्दिर पनि निर्माण गराए । | | | ३ |
| | ४ .ख्वप दे मध्यकालमा बौद्धिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रूपमा विकास भएको बताउन । | ख्वप दे नेपालमण्डलको राजधानी हुँदा राजनैतिक केन्द्रमात्र नभई विद्वानहरूको आश्रयस्थलका रूपमा विकास हुँदै गरेको र साथै बाह्य व्यापारको पनि केन्द्रको रूपमा स्थापित भएको । | ❑ ती ग्रन्थहरूको व्यवस्थित भण्डारण र अध्ययनको वातावरण मिलाउन एउटा पुस्तकालयको समेत व्यवस्था गरेको, हालको साकोथा अथवा सफुकुथी नै त्यस पुस्तकालय भएकोबारे छलफल गर्ने ।<br>❑ नेपालको इतिहासको स्रोत मानिने एकमात्र लिखित अभिलेख गोपाल राजवंशावली राजा जयस्थिति मल्लको पहलमा ख्वपमै लेखिएको चर्चा गर्ने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या**<br>(क) ख्वपमा पाइने रैथाने नेवार जातिका थरहरू | क) ख्वपमा पाइने रैथाने नेवार जातिका थरहरूको शाब्दिक अर्थ बताउन । | १. तल्लो कक्षामा अध्ययन गरिसकेका रैथाने नेवार जातिका थरहरू र अन्य केही थरहरू जस्तै तुल्सीबाख्यो, सिजख्वः, ध्वोँजु, तजले आदिको शाब्दिक अर्थहरू निश्चित ढाँचामा प्रस्तुत गर्न । | ख्वपमा नेवार जातिको बाहुल्यता भए पनि तिनीहरूका विभिन्न थरहरू भएको बारे अघिल्लो कक्षाको पुनरावलोकन गराउने । ती थरहरू के आधारमा रहन गयो भन्नेबारे कक्षामा छलफल गर्न लगाउने । यो कक्षामा ती विभिन्न रैथाने नेवारहरूको थरहरूको साथै विस्तृतीकरणमा उल्लिखित थरहरूको अर्थ के होला भनी छलफल गर्न लगाउने ।<br>– पहिला अध्ययन गरिसकेका र अरू विद्यार्थीहरूले थाहा पाएका त्यस्ता थरहरू के के छन् त ? भनी सोध्दै बोर्डमा टिप्दै जाने ।<br>विद्यार्थीहरूको समूह बनाई ती थरहरू फ्लास कार्डमा लेखी बाँड्ने र छलफल गर्न लगाउने । छलफलमा विस्तृतीकरणमा उल्लिखित ती थरहरूको शाब्दिक अर्थहरू खोतल्न लगाउने । अर्थ्याउन नसकेका थरहरूबारे समूहरूलाई सम्बन्धित समुदायमा गई, बुद्धिजीवी, ज्येष्ठ नागरिक, घरमुलीसँग साक्षात्कार गरी भोलिपल्ट कक्षामा समूहगत प्रस्तुति दिन लगाउने । | – ख्वपका रैथाने जातिका थरहरूको चार्ट<br><br>– थरहरूलाई अर्थ्याउने गरी तयार पारिएका केही तालिकाहरू<br><br>– विभिन्न पेशा व्यवसायमा लागेकाहरूको भिडियो क्लिप्सहरू | १. तपाईंको कुनै दुईजना साथीहरूको थरबारे बताउनुहोस् ।<br><br>२. तुल्सीबाख्यो र सिजख्व थरहरूलाई अर्थ्याउनुहोस् । | ४ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ३, पृष्ठ ७४-८८**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३.**<br>(ख) ख्वपका विशिष्ट व्यक्तित्वहरू | (ख) ख्वपका विशिष्ट व्यक्तित्वहरूको नाम बताउन र चिन्न | ख्वपका विशिष्ट व्यक्तित्वहरूको नाम बताउन र चिन्न जस्तैः<br>१) अखण्डप्रसाद धौभडेल<br>२) पूर्णबहादुर बैद्य<br>३) जानकी कायष्ठ<br>४) सूर्यबहादुर पिवा | – अघिल्लो कक्षामा वर्णन गरिएका विशिष्ट व्यक्तित्वहरूबारे पुनरावलोकन गराउने ।<br>– विषय विस्तृतीकरणमा उल्लिखित व्यक्तिहरूको तस्बीरहरू एकपछि अर्को दखाउँदै ती व्यक्तिहरूबारे के कस्तो जानकारी पाएका छौ भनी सोधपुछ गर्ने । आएका उत्तरहरूलाई बोर्डमा टिप्दै जाने । उनीहरूको जीवनीमा अरू थप बुँदा कोर्ने ।<br>– दिनमा एकजना व्यक्तिको विशिष्टताबारे सामूहिक छलफल गर्न लगाउने । उनीहरूको जीवनी उपलब्ध छ भने सोबारे छलफलमा समावेश गराउने । कुनै मिडियाबाट देखापरेको भए उपलब्ध गराउने । ती व्यक्तिहरूबारे बनाएका भिडियो क्लिप्सहरू प्रयोग गर्ने ।<br>– उहाँहरूसँग सम्बन्धित व्यक्ति, संस्था र समुदायमा समूहगत रूपमा पठाई आवश्यक जानकारी लिई कक्षामा प्रस्तुत गर्न लगाउने, प्रतिवेदन लेख्न लगाउने ।<br>– विशिष्ट व्यक्तिहरूको रूपमा आफूलाई पनि विकास गर्न सकिन्छ कि ? भनी प्रश्न गर्दै विद्यार्थीहरूको धारणा बुझ्ने ।<br>– उल्लिखित व्यक्तिहरूको चित्र (स्केच) उतारी त्यसको मुनि छोटो छोटो व्यहोरा उल्लेख गर्न लगाई ती व्यक्तिहरूको व्यक्तित्व झल्काउन शिक्षकले सहजीकरण गर्ने । | उल्लिखित व्यक्तिहरूको तस्बीरहरू, जीवनी, पोष्टर, पर्चा, भडियो क्लिप्स । | १. विशिष्ट व्यक्ति कसलाई भनिन्छ ? | ४ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ३, पृष्ठ ५, १३**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४. स्थानीय बोलीचाली र लिपि**<br>(क)<br>रैथाने भाषामा व्यवहार, स्वभाव, अवस्था | (क)<br>रैथाने भाषामा मानिसहरूको बानी, व्यवहार, स्वभाव, शारीरिक र मानसिक अवस्था जनाउने शब्दहरू बताउन । | १. मानिसहरूको स्वभाव जस्तैः तंगुलु, तंकाली, तं मभिंम्हा, न्हयोँगुलु, नगुलु, ऐलागुलु, ल्वापुखिचा, न्यासिचःम्हा, लोकंह्वाम्हा, नुगनःचाम्हा, धोगिम्हा, भिंम्हा, हारांम्हा, सोझाम्हा, कतिलापाक्वम्हा, धेकेम्हा आदि ।<br>२. मानिसको शारीरिक र मानसिक अवस्था जनाउने जस्तैः कांम्हा, कनीम्हा, खूम्हा, ख्वाँय्म्हा, खुसींम्हा, ढुसीलुम्हा, ल्हों, गाँसी, तःग्वारा, तन्हिम्हा, गोरा, आँली, खाँ सम्हा, वें, उईं, पुर्क्या, ढेपः, ल्याम्हो, ल्यासे, यार्पा, ख्वबिलु आदि । | – आजको कक्षामा तिम्रा साथीहरू कस्ता रहेछन् थाहा पाउने है ? पढाइ राख्दा वेञ्चमै सुत्ने, टिफिन खाँदा खाँदै पनि निदाउने रामुलाई के भन्ने त ? 'सुतुवा' यहाँको रैथाने भाषामा कसले भन्न सक्छौ त ? न्ह्योँगुलु<br>– त्यस्तै शब्दपत्ती, चित्रपत्ती बाँड्ने क्यारिकेचर, हाउभाउ आदिको माध्यमबाट विषय विस्तृतीकरणमा उल्लेख गरिएका स्वभावजन्य र शारीरिक अवस्था झल्काउने शब्दहरूलाई त्यही अनुरूपको वस्तुस्थिति सृजना गरी उनीहरूबाटै रैथाने नेवारी शब्दहरूको अर्थ बुझ्न लगाउने । बोर्डमा सूची बनाउँदै जाने ।<br>– समूह बनाई ती शब्दपत्ती र चित्रपत्ती बाँडेर छलफल गराई चित्रको शब्दमा र शब्दको चित्रमा उतार्न लगाउने । समूह नेतालाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>– विषयवस्तुसँग सम्बन्धित विभिन्न तस्वीर, पोस्टर, भिडियो क्लिप्स देखाई छोटो छोटो नेवारी शब्दका वाक्यांशहरू अर्थ खुल्ने गरी प्रयोग गर्ने गराउने । जस्तै : मोटो मान्छे देखाएर नक्कल पनि गर्दै 'अहो गुलि ल्होंम्हा, तग्वाराम्हा' आदि ।<br>– एकापट्टि स्वभाव बुझाउने चित्र र अर्कापट्टि शारीरिक वा मानसिक अवस्था बुझाउने नेपालभाषाका शब्द भएका पत्तीहरू पालैपालो देखाउँदै भन्न लगाउने । मुखाकृति, हाउभाउ, क्यारिकेचर, आदिबाट अर्थ खुलाउने । चित्रहरू बोर्डमा टाँस्ने र सोहीअनुरूप त्यसलाई जनाउने भाषाको शब्दका पत्तीहरू पनि आमुन्ने सामुन्ने टाँस्दै जाने बोल्दै पनि जाने । विद्यार्थीहरूलाई ती शब्दहरू भन्न उत्साहित गर्ने । | – स्वभाव प्रदर्शन गर्न सकिने फोटोहरू, चित्रहरू, भिडियो क्लिप्स,<br>– शारीरिक अवस्था जनाउने विभिन्न फोटो र चित्रहरू, भिडियो क्लिप्स | १. कान नसुन्ने मानिसलाई नेपालभाषामा के भनिन्छ ? | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४.**<br>(ख) रैथाने भाषामा कुराकानी | १. स्थानीय रैथाने नेवारी भाषाबाट पत्रपत्रिका सम्बन्धी कुराकानी | १. स्थानीय पत्रपत्रिकाको बारेमा नेपाल भाषाबाट कुराकानी जस्तै :<br>'ख्वप पौः'का सामग्रीहरूबारे | – भक्तपुर नगरपालिकाबाट प्रकाशित स्थानीय नेपाल भाषाको पाक्षिक पत्रिका 'ख्वप पौः' बारे स्थानीय भाषामै तल प्रस्तुत गरिएको कुराकानीको निम्ति भूमिका अभिनय (Role Play) को व्यवस्था गर्ने :<br>— छु भ्वँ ज्वङ भाया अरा ?<br>— भ्वं मखु 'ख्वप पौः' बछि पौ, पाक्षिक कः ।<br>— छु छु खाँ द ?<br>— ख्वपय् ज्वीगु जात्रा<br>– ख्वपया कलाकृति, संस्कृति, थाना ज्वीगु ज्याखाँ तः निवः भाषं हे च्वयो तगु खाँ यक्व द थकि ।<br>– अन्य विद्यार्थीहरूले नेवारी भाषामै उक्त 'ख्वप पौः'बारे प्रश्नोत्तर गर्ने र सोको निम्ति शिक्षकले सहजीकरण गर्ने । | – 'ख्वप पौ' का विभिन्न अङ्कहरू | १. 'ख्वप पौ' बारे कक्षा कोठामा गरिएको संवाद, रोल प्लेमा सहभागिता | ४ |
| (ग) प्रचलित लिपि र रञ्जना लिपि | १. रञ्जना लिपिको सामान्य विशेषता बताउन । | १. रञ्जना लिपिको अक्षरको बान्की मोटाइ र लेखाइ | – रञ्जना लिपि, प्रचलित लिपि र देवनागरी लिपि गरी तीन वटै लिपिका अक्षरहरूका स्वर वर्णहरू लेखेको चार्ट कक्षाकोठामा टाँग्ने । अक्षरहरूका रूप, बान्की र मोटाइबारे छलफल गर्ने । ती बीच सामान्य भिन्नता र समानताबारे प्रश्नोत्तर गर्ने । आएका जवाफलाई बोर्डमा टिप्दै जाने ।<br>– अरू दुइटा लिपिभन्दा रञ्जना लिपिका अक्षरहरू मोटो देखिने, समान ठाउँ छोडेर टाँसिएको जस्तै अक्षरहरू लेख्दै जाने, लेखाइ एकरूपता देखिने, बायाँबाट दायाँतिर करिब ४५° कोणमा समानान्तर रूपले खुट्टा तानेर लेखिएको बारे चर्चा गर्ने । कतातिर अक्षरको धर्सो कसरी तान्दा मोटो र पातलो देखिन्छ ? रञ्जना लिपि अक्षरका यस्तो आकार प्रकारको रूप सजिलैसँग कोर्न कलम कस्तो खालको चाहिने होला भनी प्रश्नोत्तर गर्दै त्यस्तो कलम बनाउने प्रक्रिया थाल्ने । प्रक्रियाका चित्रात्मक चार्ट बोर्डमा झुण्ड्याउने । | – लिपिका चार्ट, शब्दपत्ती र भिडियो क्लिप्स्<br>– फाउन्टेन पेन, निगालोका टुक्राहरू,बाँसको मसिनो हाँगाका टुक्राहरू, स्प्रिँङ कैंची, A4 कागजका पानाहरू, राइटिङ कापीहरू | १. रञ्जना लिपिका अक्षरहरूको विशेषताहरू लेख्नुहोस् ।<br><br>२. रञ्जना लिपिका अक्षरहरू कोर्ने कलमका विशेषताहरू बताउनुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | २. रञ्जना लिपिको हस्तलिपि लेखाइ (Calligraphy) को निम्ति छुट्टै कलम बनाउन । | १. रञ्जना लिपिको हस्तलिपि लेखाइ (Calligraphy) को निम्ति सामान्य कलम, निगालो एवं बाँस आदिबाट कमल तयार पार्ने विधि | – एउटा साधारण फाउन्टेन पेनको निबको टुप्पोलाई स्प्रिङको कैंचीले ४५° कोण पारी तेर्सो गरी काट्ने । काटेको ठाउँको धारलाई मार्न सिसा वा ढुङ्गामा घोटेर देखाउने ।<br>– शिक्षकले रञ्जना लिपिका अक्षरहरू क देखि ङ सम्म बिस्तारै बोर्डमा तानेर देखाउने । उनीहरूलाई पनि त्यस्तै अभ्यास गर्नको निम्ति भन्ने ।<br>– उक्त लिपिका अक्षरहरू लेख्ने प्रक्रियासहित अङ्कित गरेको शब्दपत्तीहरू एउटा एउटा प्रत्येक समूहलाई दिने ।<br>– रञ्जना लिपिका अक्षरहरू सिकाउन तयार पारेका एप्स र फेसबूकबाट सेभ गरी कक्षाकोठामा देखाउने ।<br>– लिपि सिकाउने शिक्षकलाई कक्षामा बोलाएर पनि सिकाउन सकिन्छ ।<br>– क्रमैसँग अक्षरहरू, दुई तीन अक्षरका शब्दहरू राइटिङ कापीमा लेख्ने अभ्यास गराउने र आफूले लेखेको अक्षर पढ्न लगाउने । | – कलम बनाउने विधिको चित्रात्मक चार्ट<br>– विभिन्न आकारमा (साइजमा) लेखिएका रञ्जना लिपि र प्रचलित लिपिका चित्रहरू, पत्रहरू, किताबहरू, शिलालेखका फोटोहरू, उक्त लिपिबाट लेखिएका सम्मान–पत्र, कदर–पत्र, समाचार पत्रको फोटोहरू आदि । | ३. आफूले तयार पारेका कलमबाट उक्त लिपिका पाँचओटा अक्षरहरू लेख्नुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ३. रञ्जना लिपि र प्रचलित लिपिबाट अङ्क, सङ्ख्या चिन्ने, पढ्ने र लेख्ने कार्य गराउन । | (क) रञ्जना लिपि र प्रचलित लिपिको एकदेखि बीससम्मका अङ्क सङ्ख्याहरू पढ्ने र लेख्ने । | (क) रञ्जना लिपिमा अङ्कित पृष्ठ सङख्या जनाएको पुस्तक पुस्तिका समूहमा उपलब्ध गराएर पाना पल्टाउँदै पृष्ठ सङ्ख्या पढ्न लगाउने । एकातिर उक्त लिपिमा अङ्कित अङ्क र अर्कातिर त्यसलाई जनाउने शब्द र चित्र भएका शब्दपत्तीहरू समूहमा बाँड्ने । टोली नेताले शब्दपत्तीहरू एक एक गरी देखाउँदै अङ्कलाई शब्दमा उच्चारण गर्न लगाउने ।<br>(ख) लिपि लेख्न तयार पारिएको कलम प्रयोग गरी सेतो पाटीमा ती अङ्कहरू लेख्दै उच्चारण गर्दै अङ्क बीससम्म लेख्ने । | – रञ्जना लिपि र प्रचलित लिपिमा लेखिएको अङ्क सङ्ख्याको चित्र सहितको चार्ट (जसमा ती अङ्कहरूलाई उच्चारण गर्ने शब्दहरू पनि उल्लेख गरिएको हुनुपर्छ)<br>– शब्दपत्ती र चित्रपत्तीहरू<br>– भिडियो क्लिप्स | ४. चार्टमा रहेका अङ्कहरू पछाडिबाट उल्टो क्रममा पढ्नुहोस् ।<br>५. उक्त लिपिमा अङ्कित पृष्ठ सङख्याको अङ्क भन्नुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **५. व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा** | १. नैतिक आचरण । | १. नैतिक आचरण<br>– अस्पताल, विद्यालय, मेला, सिनेमाघर आदिमा पालना गर्नुपर्ने नियम ।<br>– सहकार्य<br>– गाडीमा यात्रा गर्दा | – विभिन्न स्थानमा जस्तै : अस्पताल, विद्यालय, सिनेमाघर, आदि स्थानमा जाँदा त्यहाँको नियम पालन गर्नुपर्ने ।<br>– सहकार्य गर्नुपर्ने, झैझगडा गर्न नहुने, साथीहरूबिचमा झगडा भएमा शिक्षकहरूलाई जानकारी गर्नुपर्ने, सानालाई माया, ठूलालाई आदरजस्ता विषयमा हुने अवस्थासम्ममा अभिनय गराई बुझाउनुपर्दछ ।<br>– यात्राको अवस्थामा – ट्राफिक नियम, गाडीमा बस्दाका नियमहरू<br>– साथीहरूसँगको सम्बन्ध र एक आपसमा सहयोगात्मक भावना रहनुपर्ने तथा कुनै साथीहरूले बुलिङ (दादागिरी) गरिरहेको पत्ता लगाउन कोसिस गर्ने। त्यस्तो गर्न नहुनेबारे प्रस्तुत गर्ने । | विभिन्न स्थानका पालन गर्नुपर्नेनियमहरूको प्लेकार्ड | १. विद्यालयमा रहँदा हामीले के के नियमहरू पालन गर्नुपर्दछ ? | ३ |
| | २. सामान्य जोखिम व्यवस्थापन गर्न । | २. सामान्य जोखिम व्यवस्थापन– विद्युत्, आगलागी, ग्यास चुल्होको उचित प्रयोग, बुलिङ, बाढी पहिरो, ट्राफिक नियम | – जोखिमबारेमा जानकारी गराउँदै, विद्यालयमा रहँदा हुने जोखिमहरूको जानकारी गराउँदै त्यस्तोमा होस पुऱ्याउनुपर्ने भनी उक्त ठाउँमा लगेर प्रदर्शनी गरेर देखाउने/जस्तै : भऱ्याङमा, चौरमा, शौचालयमा तथा अन्य स्थानमा ।<br>– घरमा हुने जोखिमको सूची बनाई त्यसबाट जोगिने तरिकाहरू बताइदिने जस्तै : भऱ्याङ, पोखरी, किचेन, विद्युत्को प्लग<br>– आगलागी, बाढीपहिरोबारेमा जानकारी र रोकथामका उपायहरूबारे प्रस्तुत गर्न लगाउने । | फोटो | २. बुलिङ भनेको के हो ? | ३ |
| | ३. वातावरण प्रदूषण र फोहर व्यवस्थापनबारे बताउन । | १. वातावरण प्रदूषण<br>२. फोहर व्यवस्थापन तथा वृक्षारोपण | – वातावरण प्रदूषणको बारेमा जानकारी गर्दै त्यसलाई रोकथामका उपायहरू प्रस्तुत गर्न लगाउने ।<br>– विद्यालय, कक्षाकोठा, घरमा फोहर व्यवस्थापनको अवस्था र वृक्षारोपण गर्नैपर्ने र सकिएमा विद्यालय हातामा स–साना वृक्षारोपण गर्न लगाउने । | – वातावरण प्रदूषण सम्बन्धी फोटोहरू | वातावरण प्रदूषण रोकथामका उपायहरू बताउनुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **६. स्थानीय विविध संस्कृति** : (क) मोहनी (दशैँ) | १. दशैँ शब्दको बनौट, अर्थ र मनाउने तिथि र अवधि बताउन । | (क) दश दिनसम्म मनाउने धेरैलाई मनपर्ने चाड हो । | १. तपाईँहरूमध्ये कसलाई कसलाई थाहा छ – दशैँ शब्दको अर्थ र दशैँ कुन महिनामा पर्दछ ?<br>- छलफल गर्नुहोस् र छलफलपछि यी भनाइबाट सम्झाइदिनुहोस् : दशैँ शब्द संस्कृत शब्दको "दशमी" बाट बनेको र यसले दश दिनसम्म भन्ने अर्थ दिन्छ । नेवार समुदायले दशैँलाई "मोहनी नखः" भन्दछन् ।<br>- यो मोहनी नखः आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म मनाइन्छ । | फोटो | १. दशैँ शब्दको अर्थ भन्नुहोस् । | २ |
| | २. नवरात्रीमा नौ दिनसम्म पूजा गर्ने नवदुर्गाको नौ वटा विभिन्न स्वरूपको वर्णन गर्न । | (क) नवदुर्गा भगवतीको विभिन्न अवतार | १. दशैँमा नवदुर्गा देवीको नौ ओटा विभिन्न स्वरूपमा प्रकट हुने कुरा कुनै विद्यार्थीलाई थाहा भए भन्न लगाउनुहोस् : यी भनाइ लेख्नु भई स्पष्ट पारिदिनुहोस् :<br>१. शैलपुत्री<br>२. ब्रह्मचारिणी<br>३. चन्द्रघण्टा<br>४. कुस्माण्डा<br>५. स्कन्दमाता<br>(६) कात्यायनी<br>(७) कालरात्रि<br>(८) महागौरी<br>(९) सिद्धिदात्री | नवदुर्गाको चित्र | २. नवदुर्गाको नौ स्वरूपको नाम लेख्नुहोस् । | |
| | ३. ख्वपमा घटस्थापनादेखि नवमीसम्म नवरथा घुम्न जाने क्रममा कुन देवी कहाँ गइन्छ बताउन । | (ख) ख्वपमा भएका नौ देवीहरूको नाम । | (क) पहिलो दिनमा : ब्रह्मायणी<br>(ख) दोस्रो दिनमा : महेश्वरी<br>(ग) तेस्रो दिनमा : कुमारी<br>(घ) चौथो दिनमा : भद्रकाली<br>(ङ) पाँचौँ दिनमा : बाराही<br>(च) छैठौँ दिनमा : इन्द्रायणी<br>(छ) सातौँ दिनमा : महाकाली | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | (ज) आठौँ दिनमा : महालक्ष्मी<br>(झ) नवौँ दिनमा : त्रिपुरासुन्दरी<br>(ञ) दशौँ दिनमा : फेरि पनि ब्रह्मायणी । | नौ वटै मन्दिर र देवीहरूका फोटाहरू | दशैँमा दस दिनसम्म कुन कुन मन्दिरमा कहिले कहिले जाने गरिन्छ ? | २ |
| | ४. दशैँ मनाउने विभिन्न समुदायमा एकरूपता नहुँदा आ–आफ्नै चलनअनुसार पूजा गर्ने प्रक्रियाको कक्षामा प्रस्तुत गर्न । | (क) विभिन्न जातिले दशैँ मनाउँछन् तर पूजा विधि र खानपिन फरक हुन सक्छ । | १. जाति र धर्मअनुसार दशैँमा गरिने पूजाआजा र खानपिनमा एकरूपता नभई फरक फरक हुने हुँदा कक्षामा विद्यार्थीहरूलाई आफ्नो समुदाय जातिले गर्दै आएको पूजा आजा र खानपिनबारे समय दिएरै प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् । जस्तो कि :<br>(क) पहिलो दिन घटस्थापनाको दिनमा के के गरिन्छ ?<br>(ख) फूलपातीको दिनमा के के गरिन्छ ?<br>(ग) अष्टमीको दिनमा के के गरिन्छ ? नेवार समुदायले त्यस दिन खाने "कुछिभ्वय" सम्बन्धी जानकारी दिनुहोस् ।<br>(घ) नवमीको दिनमा के के पूजा गरिन्छ ?<br>यस दिन दशैँको विशेष महत्त्वपूर्ण दिनको रूपमा लिइन्छ ।<br>(ङ) दशमीको दिन वा टीकाको दिनमा के के गरिन्छ ? | फोटो | – घटस्थापनाको दिन के के गरिन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ५. बौद्ध धर्मावलम्बीहरूले विजयादशमीलाई शस्त्रअस्त्र परित्याग दिवसको रूपमा मनाइने घटनाको वर्णन गर्न । | (क) बौद्ध धर्मावलम्बीहरूले कसरी शान्ति र अहिंसाको प्रतीकको रूपमा मनाइन्छ भनी जानकारी दिन । | १. अहिंम्रक बौद्ध धर्मावलम्बीहरूले दशमीलाई कसरी मान्छन् ? विद्यार्थीहरूको विचार सुनौँ र निम्नलिखित घटनाको आधारमा व्याख्या गरिदिनुहोस् ।<br>सम्राट अशोकले रोजेको शान्तिमार्ग<br>– लुम्बिनीमा धरहराजस्तो "अशोक स्तम्भ" कसले कसले देख्नुभएको छ ? त्यो स्तम्भ किन राखिएको होला ?<br>देख्ने कोही भए विचार सुनौँ र व्याख्या गरी स्पष्ट बुझाइदिनुहोस्: "सम्राट अशोकले आफ्नो राज्य बिस्तारका लागि कलिङ्गको लडाइँमा ९९ जना आफ्नै दाजुभाइलाई मारेको, १ लाखभन्दा बढीको हत्या गरेको र डेढ लाख जवानलाई कैदी बनाई जेलमा कोचेको त्यो लडाइँको मैदानको दृश्यको स्मरणले उनी सुत्न सकेनन्, खाना रुचेन र मनमा अशान्तिले छोडेन । मनमनै सोच्न थाले, "आज मैले राज्यहरू जित्न सफल भएँ तर आफ्नै मनलाई जित्न सकिनँ रगतको टाटालाई रगतले नै धोएर कहिल्यै मेटिन्न रहेछ ।" धेरै समयसम्म मनमा पश्चात्ताप र अशान्ति भई नै रह्यो । धेरै जनाले दिएको सल्लाह अनुसार बुद्धको शरणमा गई दीक्षित भएपछि बल्ल शान्ति मिल्यो । विजयादशमीको दिनमा सम्राट अशोकले अब उप्रान्त लडाइँका शस्त्र अस्त्र परित्याग गर्ने प्रण गरे । विजयादशमीको दिनलाई बौद्ध धर्मावलम्बीहरूले "शस्त्रअस्त्र परित्याग दिवस" को रूपमा मनाउन थाले ।<br>– लुम्बिनीमा बुद्ध जन्मेको ठाउँ यही हो भनी सबैका जानकारीको लागि आफ्नै नामबाट "अशोक स्तम्भ" राखेको हो । | लुम्बिनीको तस्बिर | ३. लुम्बिनीमा अशोक स्तम्भ किन र कसले राखेको हो ? लेख्नुहोस् । | २ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ३, पृष्ठ ५४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६. (ख) भक्तपुरको करुणामय | १. भक्तपुरको करुणामय र उहाँको विहारको विभिन्न नाम र करुणामयको स्वरूपको वर्णन गर्न । | (क) करुणामयलाई लस्क द्यो, पद्मनाथ, लोकेश्वर र जेतवर्ण महाविहार | १. भक्तपुरमा करुणामय देवता कुन विहारमा छ र उहाँको स्वरूप कस्तो छ ?<br>– विद्यार्थीहरूको उत्तर सुनिसकेपछि – निम्न कुरा स्पष्ट पारिदिनुहोस् : भक्तपुरमा पनि करुणामय देवता वडा नं. २, तापालाछी इताछें टोलमा छ, स्थानीय भाषामा 'लस्क द्यो' भनेर चिनिन्छ । उहाँको वंशावलीमा लेखिएको नाम 'पद्मनाथ लोकेश्वर' र विहारको नाम 'जेतवर्ण महाविहार' हो ।<br>– रातै वस्त्र अलङ्कारले सजिएको, करुणभाव झल्किने, दायाँ हातले बरद मुद्रा र बायाँ हातमा कमलको डाँठसहितको पद्मपुष्प लिएको करुणामयको स्वरूप देखिन्छ । | करुणामयको मूर्ति चित्र मन्दिरको चित्र 'ख्वपको पहिचान' – भाग १ मा छ । | १. भक्तपुरमा करुणामय रहेको ठाउँको नाम भन्नुहोस् । | ५ |
| | २. करुणामयलाई सबै धर्मावलम्बीहरूले अति सम्मान गर्दै आएको व्याख्या गर्न । | | १. हाम्रो देशमा कुन कुन धर्मावलम्बीहरू छन् ? उत्तर बोर्डमा लेख्दै जानुहोस् । यी भनाइद्वारा बुझाइदिनुहोस् । "करुणामय देवताले सबै प्राणीहरूप्रति करुणा राखी अन्न उब्जाइदिने सहकाल देवता हुँदा सबैले सम्मान गरेको देखिन्छ । कारण अन्न विना कोही पनि बाँच्न सक्दैन ।" | फोटो | – करुणामयलाई सबै धर्मावलम्बीहरूले किन सम्मान गर्दछ ? | |
| | ३. भक्तपुरमा करुणामय स्थापना गर्ने राजा चिनाउन । | (क) कलिगत सम्वत् ३७०१ म नरेन्द्र देवको छोरा "बल देव"ले स्थापना गरेको । | १. बोर्डमा लेख्नुहोस् र भर्न दिनुहोस् :<br>करुणामयको नाम — कुन जिल्लामा<br>(क) रातो मत्स्येन्द्रनाथ ............................<br>(ख) सेतो मत्स्येन्द्रनाथ ............................<br>(ग) नाला करुणामय ............................<br>(घ) पद्मनाथ लोकेश्वर ............................<br>– रातो मत्स्येन्द्रनाथ कुन राजाको व्यवस्थामा कहाँबाट र किन ल्याएको सम्बन्धी छोटो व्याख्या गरी बुझाई दिनुहोस् । | फोटो | – रातो मत्स्येन्द्रनाथ कुन राजाको पालामा कहाँबाट किन ल्याइएको थियो ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | – भक्तपुरमा स्थापना गर्न लिन गएको मत्स्येन्द्रनाथ भक्तपुरका राजा नरेन्द्र देवको आयोजनामा तर राख्न नपाएपछि ज्यादै चित्त दुखाएको कुरा छोरा बलदेवले बुझी अर्कै प्रतिमूर्ति बनाउन लगाई भव्य पूजाआजा गराई पद्मनाथ लोकेश्वर भनी नाम राखी कलिगत सम्वत् ३७०१ मा विहारको नाम जेतवर्ण महाविहार नामकरण गरी स्थापना गरिएको थियो । | | २. भक्तपुरमा करुणामय लोकेश्वरको स्थापना कुन सालमा कसले गरेका थिए ? | |
| | ४. करुणामयको सम्मान, पूजाआजा र जात्रा सम्बन्धी वर्णन गर्न । | (क) करुणामयलाई नवदुर्गाले समेत सम्मान गरिन्छ ।<br>प्रत्येक वर्ष नगर परिक्रमा । | बोर्डमा प्रश्न लेखेर अन्तर्क्रिया गर्नुहोस् : "प्रत्येक वर्ष भक्तपुरको करुणामयको नगरपरिक्रमा जात्रा कसले कसले देख्नुभएको छ ?"<br>– यसको उत्तर नआउन सक्छ । यी भनाइ राखी व्याख्या गरिदिनुहोस् : "गाईजात्राको भोलिपल्ट (भाद्र कृष्ण प्रतिपदाको दिन) करुणामयको मूर्तिलाई खटमा राखी नगरवासीको पूजाआजाको लागि नगर परिक्रमा गर्ने चलन चलिरहेको छ ।"<br>– करुणामयले सबै प्राणीहरूप्रतिको करुणाभावको सम्मान गर्दै "हरेक वर्ष फागु पूर्णिमा पछिको मङ्गलबारको दिन इताछें टोलमा नवदुर्गा नाच प्रस्तुत गर्नु अघि नवदुर्गागणले लोकेश्वर महाविहारमा बाजासहित आउनु भई करुणामय (मत्स्येन्द्रनाथ) लाई सम्मान पूर्वक पूजाआजा नाच गर्ने परम्परा रहेको छ । | फोटो | ३. भक्तपुरको करुणामयको नगर परिक्रमा कहिले गर्ने गरेको छ ? लेख्नुहोस् । | २ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७. प्रचलित स्थानीय संस्कार**<br>(क) भीम रथारोहण | १. भीम रथारोहणको पहिचान गर्ने सही उमेर र गर्नुपर्ने कारणको वर्णन गर्ने । | (क) पास्नीको प्रकारको वर्णन र भीमरथारोहणको अर्थ । | १. तपाईँहरूमध्ये कसैले बुढा वा बुढी वा दुवैलाई खटमा (सानो रथ) मा राखेर बजार परिक्रमा गर्न ल्याएको देख्नुभएको छ ? विद्यार्थीहरूको उत्तर सुनिसकेपछि निम्न भनाइ राखी बुझाई दिनुहोस् ।<br>– नेवा सम्प्रदायमा पास्नी (जंक्व) दुई प्रकारमा विभाजन गरेको छ :<br>**१. अन्न प्राशन (मचा जंक्व)**<br>(क) छोरा भए ६ वा ८ महिनामा गरिन्छ ।<br>(ख) छोरी भए ५ वा ७ महिनामा गरिन्छ ।<br>**२. भीमरथारोहण (बुढा जंक्व)**<br>(क) भीमरथारोहण (ज्याः जंक्व) ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घडी, ७ पलामा गर्ने ।<br>(ख) देवरथारोहण – ८८ वर्ष, ८ महिना, ८ दिन, ८ घडी, ८ पलामा गर्ने ।<br>(ग) दिव्यरथारोहण – ९९ वर्ष ९ महिना, ९ दिन, ९ घडी, ९ पलामा गर्ने ।<br>भीमरथारोहण भनेको भीम को अर्थ ठूलो, रथारोहण भन्नाले कालमय सङ्कटबाट विजय प्राप्त गर्दै आउन सफल भएको उपलक्ष्यमा गरिने शान्ति स्वस्ति पूजाआजा गर्नु हो । | (क) मचाजंक्व र बुढा जंक्वको फोटाहरू | १. भीमरथारोहणको अर्थ भन्नुहोस् । | ५ |
| | २. भीमरथारोहण गर्नुपर्ने कारण वर्णन गर्न । | – योगदानको कदर,<br>– पारिवारिक एकता बनाइराख्न सही भूमिका,<br>– बाँच्ने हौसला पाउन | १. "भीमरथारोहण" (बुढा जंक्व) किन गरिन्छ ?<br>निम्नलिखित बुँदाहरू नछुट्ने गरी वर्णन गरिदिनुहोस् ।<br>(क) आजको उमेरसम्म आउँदा परिवार, समाज, र देशको लागि धेरै योगदान गरिसकेका हुँदा त्यसै योगदानको उच्च मूल्याङ्कन गरी सम्मान स्वरूप अझ योगदान गरिरहन प्रेरित स्वरूप भीमरथारोहण गरिन्छ । | फोटो<br>भिडियो | २. भीमरथारोहण गर्नुपर्ने कुनै दुई कारण लेख्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | (ख) संयुक्त परिवारको मेलमिलाप, मायाममता र उत्तरोत्तर प्रगति बनाइराख्न सही पथप्रदर्शक गर्न हौसला मिलोस् भन्नको लागि भीमरथारोहण गरिन्छ ।<br>(ग) जीवनमा निराशा नआई बाँच्ने रहरलाई पुनर्बल दिन भीमरथारोहण गरिन्छ । | | | |

## सहायक सामग्री : खवपको पहिचान भाग ३

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय कला र सम्पदाहरू**<br>(क) स्थानीय मन्दिरहरू | १. स्थानीय मन्दिर हरूको परिचय दिन । | ❑ यातु महाद्यः,<br>❑ लुचुः महाद्यः<br>❑ आशापुरी महाद्यः,<br>❑ सिपारे महाद्यः<br>❑ अनन्त लिङ्गेश्वर,<br>❑ तिचा महाद्यः (नगरकोट)<br>❑ बाघ भैरब (रानीकोट) | ❑ तपाईँहरूमध्ये को को यातु महाद्यः, लुचुः महाद्यः आशापुरी महाद्यः, सिपारे महाद्यः, अनन्त लिङ्गेश्वर, तिचा महाद्यः (नगरकोट) र बाघ भैरब (रानीकोट) जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>❑ सम्भव भए ती मन्दिरहरूको भ्रमण गराउने ।<br>❑ ती मन्दिरहरूमा रहेका शिलालेखहरू टिपोट गर्न लगाउने तथा ती मन्दिरहरूको बारे विभिन्न लेखरचनाहरू सङ्कलन गरी त्यसको ऐतिहासिक एवम् सामाजिक महत्त्वबारे जानकारी दिने ।<br>❑ मन्दिरहरूको परिचय तथा फोटो टाँसी फोटो एल्बम बनाउन दिने । | मन्दिरको चित्र, शिलालेखको फोटो, मन्दिरको भित्रको देवताको फोटो | छलफलमा स्पष्ट प्रस्तुति,<br>प्रश्नउत्तर<br>प्रतिवेदन प्रस्तुति | ८ |
| | २. स्थानीय मन्दिर हरूको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | ❑ ती मन्दिरहरूको परिचय तथा धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन । | ❑ वाक इट टु नो इट विधि प्रयोग गरी विद्यार्थीहरूलाई चार्टमा लेखिएका कुराहरू पढ्दै अगाडि बढाउने । जस्तै :<br>– यातु महाद्यः मन्दिर भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ७ मा पर्दछ । शान्त ठाउँमा अवस्थित यस स्थानमा महादेवको मन्दिर छ । यातु महादेवको परिसरमा एउटा पोखरी पनि छ । पोखरीको बीचमा नारायणको मूर्ति रहेको छ । यहाँ एकै दिन दुई तीन समूहलाई पिकनिक गर्न मिल्ने ठाउँ पनि छ । यहाँ घामपानीबाट जोगाउन पाटीहरू पनि छन् ।<br>– भक्तपुर जिल्लाको गुण्डु, सिपाडोल र काभ्रेको साँधमा २१०० मि. उचाइमा एक ऐतिहासिक थलो एवम् लिच्छिवीकालीन गढी रानीकोट अवस्थित छ । रानीकोटबाट दुई सय मिटर पश्चिम पहाडको बीचमा ठूलो ढुङ्गामा बाघभैरवको मन्दिर छ । यस मन्दिरमा मंसिर र बैशाख पूर्णिमामा मेला लाग्दछ । | किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू | १. यातु महाद्यःको छोटो परिचय दिनुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | प्राकृतिक रूपले नै बाघको आकारमा रहेको ढुङ्गा भएकोले यसलाई बाघ भैरव नामकरण गरिएको भनाइ रहेको छ। बाघ भैरवको शिला टाढाबाट हेर्दा बाघ जस्तै देखिन्छ।<br>- लुचु महाद्यःलाई सुवर्णेश्वर महादेव पनि भनिन्छ। यो मन्दिर सूर्यविनायक नगरपालिकाको वडा नं. ५ मा पर्दछ। कटुञ्जेको उच्च भागमा रहेको यो महादेव मन्दिर परिसर शान्त, सौम्य, मनमोहक, सुन्दरमात्र नभई विभिन्न बोटबिरुवाका कारण बिछट्टै अनुभव गराउने स्थानमा रहेको छ। यहाँबाट उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ। गुम्बज शैलीमा मन्दिरभित्र झण्डै साढे दुई फुट लाम्चो आकारको प्रस्तर लिङ्ग सुवर्णेश्वर महादेव अवस्थित छ।<br>- सिपारे महाद्यःलाई नेपाली भाषामा डोलेश्वर महादेव पनि भनिन्छ। यस मन्दिरलाई वि.सं. १६२९ मा राजा भूपतीन्द्र मल्लले स्थापना गरेको शीलालेखबाट स्पष्ट हुन्छ। वि.सं. १९९० को महाभूकम्पबाट यो मन्दिर क्षतिग्रस्त भएपछि गुम्वज शैलीमा मन्दिर निर्माण गरेको थियो। हाल यो मन्दिर र मन्दिर परिसर काठमाडौँको पशुपति मन्दिरकै शैलीमा निर्माण सम्पन्न गरेको छ।<br>- आशापुरी महाद्यःको मन्दिर भक्तपुर र काभ्रे जिल्लाको सीमाना भई बग्ने काभेरी खोला र नर्मदा खोलाको दोभानमा अवस्थित छ। मन्दिर परिसरभित्र पाटी, भजन मण्डली, पाँच कुमारी धारा, बुद्ध स्तुपाहरू र अस्थायी प्रहरी चौकी रहेको छ।<br>- अतन्तलिङ्गेश्वर महादेवको मन्दिर सूर्यविनायक नगरपालिका, वडा नं. ४ मा अवस्थित छ। मन्दिरभित्र | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | प्राचीन शिवलिङ्ग छ भने मन्दिर हातामा गणेश, बासुकी, उमा महेश्वर, जलहरी, अन्नपूर्ण, लक्ष्मी, दुर्गा, सरस्वती पादुका, बसाहा र गरुडका मूर्तिहरू राखिएका छन् । हाल प्यागोडा शैलीमा पुनर्निमाण गरिएको यस गुम्बज शैलीको मन्दिर २०७२ सालको भूकम्पले जीर्ण बनाएको थियो ।<br>- तिचा महाद्यः चाँगुनारायण नगरपालिका वडा नं. ६ मा अवस्थित छ । यस महादेवलाई स्थानीयहरू रत्नचुडेश्वर महादेव पनि भन्दछन् । यस मन्दिर परिसरमा एउटा पोखरी पनि छ जसलाई महादेव पोखरी भनिन्छ । दोस्रो गोसाईंकुण्डका रूपमा मानिने यस महादेव पोखरीमा जनैपूर्णिमाका दिन ठूलो मेला लाग्ने गर्दछ । | | | |
| ८.<br>(ख) स्थानीय वहा | ❑ स्थानीय बहा (विहारको परिचय दिई तिनको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न | ❑ सुकुध्वाका बही (लुँ वर्ण महाविहार) र<br>❑ अखण्डशील महाविहार (अखः बहाः) | ❑ सुकुध्वाका बही (लुँवर्ण महाविहार) भक्तपुर नगरपालिकाको सुकुध्वाका वडा नं. ५, गोल्मढी वडा नं. ७ र लालाछें वडा नं. ६ तीन टोलको बीचमा बाटो छेउमा छ । बहीभित्र भीमसेन देवता भएको तथा हिन्दु धर्मावलम्बीहरूको बस्ती भएकोले विहारको नामबाट भन्दा पनि भीमसेन देवताको नामबाट बढी प्रचार भएको छ भनी शिक्षकले सुकुध्वाका बही (लुँ वर्ण महाविहार) को सामान्य परिचय दिने ।<br>❑ सुकुध्वाका बही (लुँ वर्ण महाविहार) मा स्थलगत भ्रमण गराउने ।<br>❑ विभिन्न लेखरचनाको सहायताले सुकुध्वाका बही (लुँ वर्ण महाविहार)को धार्मिक, सांस्कृतिक तथा सामाजिक एवम् ऐतिहासिक पक्षबारे स्पष्ट गर्ने ।<br>❑ त्यस्तै अखण्डशील महाविहार (अखः बहाः) को बारेमा पनि सामान्य परिचय दिने । जस्तै :<br>❑ अखण्डशील महाविहार (अखः बहाः) बोलाछें टोलको | किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू<br><br>तस्वीर | १. सुकुध्वाका बहीको बारे छोटो परिचय दिनुहोस् । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ढुङ्गेधारासँगै छ । यो ख्वपको पुरानो विहारमध्ये एक हो । यो विहार कहिले बनाएको थियो भन्नेबारे कुनै पुष्टि भएको छैन तर विद्वानहरूको भनाइअनुसार राजा नरेन्द्रदेवले नेपाल खाल्डोमा करुणामय देवता ल्याएको बेला यो विहारमा ल्याएको भन्ने भनाइ रहेको छ ।<br>❑ अखण्डशील महाविहार (अखः बहाः) मा विद्यार्थीहरूलाई स्थलगत भ्रमण गराउने ।<br>❑ विभिन्न लेखरचनाको सहायताले अखण्डशील महाविहार (अखः बहाः) को धार्मिक, सांस्कृतिक तथा सामाजिक एवम् ऐतिहासिक पक्षबारे स्पष्ट गर्ने । | | | |
| ८.<br>(ग) स्थानीय चर्च | १. स्थानीय चर्चको परिचय दिन । | २. भक्तपुर नगरभित्र रहेका चर्चहरूको स्थानहरू तथा चर्चको सामान्य परिचय | ❑ ईसाई धर्म मान्ने मानिसलाई क्रिस्चियन भनिन्छ । क्रिस्चियनहरू प्रार्थना गर्ने ठाउँलाई चर्च भनिन्छ । उनीहरू चर्चमा गएर ईश्वरको प्रार्थना गर्छन् । ईसाई धर्मका अनुसार जीव हत्या, अनावश्यक हरिया रुखहरू काट्नु, कसैलाई व्यर्थमा आघात पुऱ्याउनु, व्यर्थमा पानी बगाउनु आदि पाप हो । बाइबल ईसाई धर्मको धर्मग्रन्थ हो आदि भनी क्रिस्चियन धर्मको बारे छोटो परिचय गर्ने ।<br>❑ विद्यार्थीहरूलाई क्रिस्चियन धर्मको बारे के थाहा छ भनी प्रश्न गर्ने ।<br>❑ क्रिस्चियन धर्मको राम्रा र कमजोर पक्षबारे छलफल गर्ने ।<br>❑ सम्भव भए नजिकको चर्चमा लगी चर्चको बारे थप जानकारी दिने । | चर्चको तस्वीर<br>चर्चको लेख रचनाहरू | १. चर्चको बारे छोटो परिचय दिनुहोस् । | १ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(घ) स्थानीय पोखरीहरू (पुखु) | १. स्थानीय पोखरीहरूको परिचय दिन । | ❑ कालदह (पोखरी)<br>❑ अँचा पुखु<br>❑ मंगलकुण्ड पुखु<br>❑ द्वीमाजू पुखु<br>यी पोखरीहरूको सामान्य परिचय | ❑ विद्यार्थीहरूलाई कालदह (पोखरी), अँचा पुखु, मङ्गलकुण्ड पुखु, द्वीमाजू पुखुबारे के थाहा छ ? भनी ब्रेनस्ट्रोमिङ गर्न लगाउने ।<br>❑ कालदह (पोखरी) अँचा पुखु, मङ्गलकुण्ड पुखु, द्वीमाजू पुखुको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्ने । जस्तै :<br>❑ अँचा पुखु भनपा ६ वडामा पर्दछ। यो पोखरी महाकाली पीठनजिक रहेको छ । यस पोखरीको बीचमा नारायणको मूर्ति रहेको छ । प्रत्येक तीन वर्षको एक महिना पुरुषोत्तम महिनाभरि यहाँ ठूलो मेला लाग्दछ ।<br>❑ मङ्गलकुण्ड पुखु भक्तपुर नगरपालिका वडा नं. ३ नासमनामा अवस्थित छ । अहिले पनि यस पोखरीमा बिहान उठ्नासाथ नित्य स्नान गर्ने, मुख धुने, तर्पण दिने देवीदेवतालाई शुद्ध जल चढाउने कार्य हुन्छ । यस मङ्गलकुण्ड पोखरीमा प्रत्येक वर्ष ऋषिपञ्चमीका दिन मेला लाग्दछ ।<br>❑ कालदह भक्तपुरको ब्यासीमा अवस्थित छ। यस पोखरीमा जनैपूर्णिमा दिन ठूलो मेला लाग्दछ। उक्त दिन स्नान वा मुख धोएमा पुण्य मिल्ने भनाइ रहेको छ ।<br>❑ भक्तपुर तलेजुभित्रको द्वीमाजू पुखुले औषधिको समेत भूमिका निभाएको हुन्छ भन्ने भनाइ रहेको छ । रुन्चे लागेका केटाकेटीलाई आइतबार वा बिहिबारका दिन मुख धुवाएमा रुन्चे निको हुन्छ भन्ने मान्यता छ । तर त्यसको वैज्ञानिक आधार छैन ।<br>❑ ती पोखरीहरूको निर्माण तथा किंवदन्तीबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | पोखरीका चित्रहरू | १. छलफलमा सहभागिता प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति<br><br>२. कालदहको छोटो परिचय दिनुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ ती पोखरीहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने र पोखरी सुधार, संरक्षण तथा सम्वर्द्धनबारे छलफल गर्ने ।<br>❑ कालदह (पोखरी), अँचा पुखु, मङ्गलकुण्ड पुखु, द्वीमाजू पुखु अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | | | |
| ८.<br>(ङ) स्थानीय घाटहरू | १. स्थानीय घाटहरूको छोटो परिचय दिन । | ❑ ब्रम्हायणीघाट<br>❑ हनुमानघाट<br>❑ चुपिंघाट<br>❑ महेश्वरीघाट<br>❑ मङ्गलघाट<br>❑ कासंघाट | ❑ विद्यार्थीहरूलाई ब्रम्हायणीघाट, हनुमानघाट, चुपिंघाट, महेश्वरीघाट, मङ्गलघाट, कासंघाटबारे के थाहा छ ? भनी प्रश्न गर्ने ।<br>❑ ब्रह्मायणीघाट, हनुमानघाट, चुपिंघाट, महेश्वरीघाट, मङ्गलघाट, कासंघाटको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न ।<br>❑ ती घाटहरूको निर्माण तथा किंवदन्तीबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>❑ ती घाटहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने र घाट सुधार, संरक्षण तथा सम्वर्द्धनबारे छलफल गर्ने ।<br>❑ ब्रह्मायणीघाट, हनुमानघाट, चुपिंघाट, महेश्वरीघाट, मङ्गलघाट, कासंघाट, अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | स्थानीय घाटहरूका फोटोहरू | १. छलफलमा सहभागिता प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति<br><br>२. हनुमानघाटको छोटो परिचय दिनुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(च) स्थानीय नाच | १. स्थानीय नाचहरूको परिचय दिन ।<br><br>२. ती नाचहरूको सांस्कृतिक महत्त्व बताउन । | - नवदुर्गा नाच<br>- खः प्याखं<br><br>ती नाचहरूको परिचय तथा सांस्कृतिक महत्त्व | ❑ भक्तपुरका जीवित देवता नवदुर्गा गणको नाच नेपाली राष्ट्रिय जीवनमा नवदुर्गा नाच भनी प्रसिद्ध छ । नेवार लोक जीवनमा यो नाच नवदुर्गा प्याखं नामले प्रख्यात रहिआएको छ । यसको अर्का नाम इकुं प्याखं पनि हो । तत्कालीन समयमा यो नाच भक्तपुरको हुनमानघाटपारि इखुडो भन्ने स्थानमा सर्वप्रथम सिकाइएको हुँदा यसको नाम इकुं प्याखं रहन गएको किंवदन्ती रहिआएको छ । यो नाच गृहनगरका २१ टोलहरूमा प्रदर्शन गर्ने परामप्रा छ । त्यसैगरी नगर बाहिर काठमाडौँको देवपत्तन, ठिमी, नगदेश, बोडे, चोपुलि, टोखा, तुप्या, गोकर्ण, साँखु, चाँगु, सांगा, नाला, धलिखेल, खड्पु, बनेपालगायत पनौतिमा हरेक वर्ष लाने चलन छ । १२ वर्षमा १ पल्ट हाँडीगाउँमा नाच देखाउन लाने चलन पनि छ । भनी शिक्षकले नवदुर्गा नाचको बारे छोटो परिचय दिने ।<br>❑ विद्यार्थीहरूसँग नवदुर्गा नाचमा गरिने विभिन्न क्रियाकलापहरूबारे छलफल गर्ने ।<br>❑ खः प्याखंको बारेमा तल लेखिएबमोजिम सामान्य परिचय दिने ।<br>❑ खः प्याखं एउटा पूर्णाङ्की नाटक हो । नेवारीमा पूर्णाङ्की नाटकलाई खः प्याखं भनिन्छ । कुनै एक स्थानमा यो नाच प्रदर्शन गरेपछि सो नाचको कथावस्तु पूरा नभएसम्म अन्यत्र जाँदैन । त्यसैले यो नाटक चरणबद्ध रूपमा देखाउने गरिन्छ । त्यसरी देखाउँदा ३, ४ दिनदेखि एक हप्ता पनि लाग्न सक्छ । महाभारत, कृष्णचरित्र, मधुमालती, कोलासुर बधोपाख्यान, मधुकरोपाख्यान जस्ता मल्लकालीन रचनाहरू खः प्याखंका कथावस्तु हुन् । | खः प्याखंको पुरानो फोटोहरू नवदुर्गा नाच र खःप्याखं सम्बन्धी लेखरचनाहरू | १. नवदुर्गा नाचको छोटो परिचय दिनुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ खः प्याखंको सांस्कृतिक महत्त्वको बारे छलफल गरी यसलाई पुनर्जिवित गर्नुपर्ने विषयमा छलफल गर्ने । | | | |
| | ३. घिन्ताङघिसि नाचको छोटो परिचय दिन<br><br>४. घिन्ताङघिसि नाच नाच्न<br><br>५. माकः प्याखंको छोटो परिचय दिन । | १. घिन्ताङघिसि नाच<br><br>२. माकः प्याखं | ❑ विद्यार्थीहरूलाई घिन्ताङघिसी र माकः प्याखंको बारे थिङ पियर् सियर् गर्न लगाउने ।<br>❑ घिन्ताङघिसी र माकः प्याखं कहिले नाच्ने गरिन्छ भनी प्रश्न गर्ने ।<br>❑ तपाईहरूमध्ये क–कसले घिन्ताङघिसी र माकः प्याखं नाचेको छ भनी सोध्ने ।<br>❑ उक्त नाचहरू नाच्दा कस्तो अनुभव भयो ? बयान गर्न लगाउने ।<br>❑ ती नाचहरूको छोटो परिचय दिने जस्तै :<br>– प्रत्येक वर्ष श्रावण शुक्ल प्रतिपदा दिन मनाइने सापारु पर्व भक्तपुरमा आठ दिनसम्म मनाइन्छ । भक्तपुरमा सापारुका दिन वर्षभित्र मृत्यु भएकामध्ये उमेर नपुगेका बालबालिकाहरूको साँचा अर्थात डोकोलाई गाईको रूपमा सिँगारेर तथा उमेर पुगेका व्यक्तिहरूको ताहामच्चा अर्थात् चारवटा बाँस प्रयोग गरी गाईको प्रतीक बनाई नगर परिक्रमा गर्ने प्रचलन रहेको छ । ताहामचा र साँचा बनाउने यस पर्वको एउटा विशेषता हो भने घिन्ताङघिसी र माकः प्याखं सापारुको प्रमुख आकर्षण हो । विभिन्न सांस्कृतिक बाजाहरू खिङ, धां, तं, भुस्या, सिस्याः, धिमे जस्ता बाजासाथ ताहामच्चासँगै घिन्ताङघिसी नाच प्रदर्शन गरिन्छ । दुई जोडीले बाजाको तालमा लठ्ठी ठोक्काउने नाचलाई घिन्ताङघिसी भनिन्छ भने एक जनाले दुईवटा लठ्ठी जुधाई नाच्ने नाचलाई माकः प्याखं नाच भनिन्छ । भक्तपुरमा सापारुका दिन र त्यसपछिको सात दिनसम्म पनि विभिन्न नाच व्यङ्ग्यात्मक नाटक, सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गर्ने प्रचलन छ । | घिन्ताङघिसी तथा माकः प्याखंको भिडियो क्लिप्स | २. घिन्ताङघिसी नाच भनेको के हो ?<br><br>३. घिन्ताङघिसी नाच नाचेर देखाउनुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८.**<br>(छ) स्थानीय दरबार | **१.** स्थानीय दरबारहरूको परिचय दिन । | चौकोट दरबार र न्हेकं भ्यः दरबारको छोटो परिचय | ❑ चौकोट दरबारलाई चौक्वाथ दरबार पनि भनिन्छ । यसको अर्थ चारैतिर किल्ला भएको दरबार भन्ने हुन्छ । यस्तो दरबार युद्धको बेला आवश्यक हातहतियार थुपार्ने तथा युद्धको बेला प्रयोग हुने दरबार हो । भक्तपुर दरबार क्षेत्रमा सर्वप्रथम जगज्योतिर मल्लले बनाएका थिए । भनी भक्तपुरको चौकोट दरबारको बारे छोटो परिचय दिने ।<br>❑ चौकोट दरबारको बारे थप जानकारी आवश्यक भए भक्तपुर मासिकको अङ्क **२४१** को लेख अध्ययन गर्ने ।<br>❑ त्यस्तै न्हेकं भ्यः दरबारको बारे निम्नलिखित अनुसार छोटो परिचय दिने ।<br>❑ भक्तपुरको न्ह्यकं भ्यः दरबार ने.सं. ८१८ मा भूपतीन्द्र मल्लद्वारा निर्माण गरिएको थियो । यसलाई मालती चोक दरबार तथा सिंहढोका दरबार पनि भनिन्छ । यो दरबार निर्माण गर्नुको मूल कारण एक मानिसले मधेसबाट ल्याएको ऐना राजालाई उपहार दिँदा, त्यो कसैसित नभएको ऐनाबाट प्रभावित भई सबैलाई देखाउनुपर्छ भनी यो दरबार निर्माण गर्न लगाएको थियो । | चौकोट दरबार तथा न्हेकं भ्यः दरबार सम्बन्धी लेखरचना तथा तस्बीरहरू | **१.** न्हेकं भ्यः दरबारको छोटो परिचय दिनुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(ज) स्थानीय गहना | १. स्थानीय गहनाहरूको परिचय दिन | १. हातमा लगाउने गहनाहरू जस्तैःसुनको औंठी, चेत अङ्गु, लुं प्राण अङ्गु,प्याख अङ्गु,धर्ति अङ्गु, गुलपात अङ्गु, हिरा जडेको औंठी,चुल्या, सुनको बाला, चाँदीको बाला, चाँदीको औंठी,बाही, कंकण आदि ।<br><br>२. घाँटीमा लगाउने गहनाहरू जस्तैः तोल, गुल्यामाला, दोविनमाला, मोहनमाला, जन्तर सिखः, नागपास, भिंसिखः, ति भाभा, मुगाको माला, तायो, जन्तर, मोतीको माला,सुनको सिक्री, तिखः, चन्द्रहार आदि ।<br><br>३. खुट्टामा लगाउने गहनाहरू जस्तै : कल्ली, तुतीताल, तुतीवाकी आदि । | ❑ काठमाण्डौं उपत्यकाको स्थानीय नेवार समाजमा गरगहनाको प्रचलन अर्थात आभूषण लगाउने चलन प्राचीनकालदेखि नै चल्दै आएको छ। गरगहनाहरू सुनचाँदी जस्ता बहुमूल्य धातुबाट बनाइन्थ्यो । यसमा मोती, माणिक, मुगा, अम्बरजस्ता अनमोल रत्नजडित हुन्थ्यो भनी नेवार समुदायको गरगहनाको सामान्य परिचय दिने ।<br>❑ नेवार समुदायमा हातमा, घाँटीमा र खुट्टामा लगाउने गरगहनाको नाम बताउने ।<br>❑ सम्भव भए चित्र वा फोटो देखाउने ।<br>❑ हातमा लगाउने गहनाहरू जस्तैः सुनको औँठी, चेत अङ्गु, लुं प्राण अङ्गु, प्याखं अङ्गु, धर्ती अङ्गु, गुलपात अङ्गु, हिरा जडेको औँठी, चुल्या, सुनको बाला, चाँदीको बाला, चाँदीको औँठी, बाही, कंकण आदि ।<br>❑ घाँटीमा लगाउने गहनाहरू जस्तैः तोल, गुल्यामाला, दोविनमाला, मोहनमाला, जन्तर सिखः, नागपास, भिंसिखः, ति भाभा, मुगाको माला, तायो, जन्तर, मोतीको माला, सुनको सिक्री, तिखः, चन्द्रहार आदि ।<br>❑ खुट्टामा लगाउने गहनाहरू जस्तै : कल्ली, तुतीताल, तुतीवाकी आदि । | नेवार समुदायको गरगहनासम्बन्धी लेखरचनाहरू, फोटो र Visual file | १. नेवार समुदायका महिलाहरूले हातमा लगाउने गहनाहरूको नाम बताउनुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(झ) स्थानीय फल्चा | १. स्थानीय फल्चा(पाटी)को परिचय दिन ।<br><br>२. स्थानीय फल्चाको महत्त्व बताउन । | फल्चाको परिचय तथा महत्त्व | ❑ नेवार समुदायको वास्तुमा आधारित पाटीलाई नेपाल भाषामा फलेचा वा फलिचा भनिन्छ। जुन अपभ्रंश हुँदै फल्चा भएको हो। नेपाल भाषामा फलको अर्थ पेटी हुन्छ। काठबाट बनेको बस्नयोग्य पेटीलाई फल्चा भनिएको हो। पहिले टाढाका यात्री तथा गाउँबाट सहर आएकाहरूका लागि विश्राम गृहको रूपमा फल्चालाई लिइन्थ्यो। मन भुलाउन टाढा जान नसकेका वृद्धवृद्धाको जम्काभेट गर्ने स्थान पनि फल्चा नै थिए। फल्चासँगै ढुङ्गेधारा हुनु अर्को विशेषता हो। फल्चालाई आराम गृहसँगै पानी हावाहुरीबाट बचाउने सुरक्षित स्थानको रूपमा प्रयोग गरिन्थ्यो। दिनभरि काम गरेर बेलुकीपख पाटी वा फल्चामा वरिपरिका सबै भेला भई दुःखसुखका कुरा गर्ने, दिउँसो बेढाबुढीहरू नातिनातिनासँग घाम तापेर कुराकानी गर्ने, बिहान बेलुका भजनकीर्तन गरेर आध्यात्मिक ध्यान गर्ने, समय समयमा भोज भतेर खाने कामको लागि पहिलेदेखि नै यसको महत्त्व थियो। आदि भनी फल्चाबारे परिचय तथा महत्त्व बताउने।<br>❑ विद्यार्थीहरूलाई आफू बसेको ठाउँ वरपर कति वटा फल्चाहरू छन् ? भनी प्रश्न गर्ने।<br>❑ ती फल्चाहरूमा केके कार्यहरू हुन्छ भनी छलफल गर्ने।<br>❑ फल्चाको महत्त्व तथा भावी पिँढीले यसको संरक्षण गर्नुपर्ने कुरा बताउने। | फल्चा सम्बन्धी लेखरचनाहरू<br>फोटोहरू | १. फल्चा भनेको को हो ? | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९. स्थानीय व्यवसाय, सीप र प्रविधि**<br>(क) पेसा | १. प्रजापति समुदायको ज्यालुवानेगुको परिचय दिन<br>२. पुरोहित कार्यको परिचय दिन ।<br>३. ज्योतिष कार्यको परिचय दिन ।<br>४. ती पेशाहरूको फाइदा तथा यसको आधुनिकताबारे बताउन । | ज्यालुवानेगु, पुरोहित कार्य, ज्योतिष कार्यको परिचय, फाइदाहरू तथा यसको आधुनिकता । | ❑ सर्वप्रथम प्रजापति समुदायको ज्यालुवानेगु भनेको कसैलाई थाहा छ ? भनी कक्षामा प्रश्न गर्ने ।<br>❑ विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले प्रजापति समुदायमा आफ्नो खेतीको काम सकाएर परदेशमा (उपत्यका बाहिर) गई त्यहीको माटो लिई भाँडा बनाई, त्यस भाँडाकुँडालाई विभिन्न अन्न, सामान तथा पैसासँग साटी लिएर आउने चलनलाई प्रजापतिहरूको ज्यालुवानेगु भनिन्छ भनी बताउने ।<br>❑ आधुनितकतासँगै यो चलन पनि लोप भएको कुरा पनि बताउने ।<br>❑ त्यस्तै शिक्षकले पुरोहित कार्य र ज्योतिष कार्यको पनि सामान्य परिचय दिने ।<br>❑ पुरोहित कार्य र ज्योतिष पेशाको फाइदा तथा यसको आधुनिकताबारे कक्षामा छलफल गर्ने ।<br>❑ विद्यार्थीहरूबाट आएको कुरालाई शिक्षकले थप स्पष्ट पारिदिने । | प्रजापति समुदायको ज्यालुवानेगु, पुरोहित कार्य र ज्योतिष कार्यबारे लेखरचना तस्वीरहरू भिडियो क्लिप्स । | १. प्रजापति समुदायको ज्यालुवानेगु भनेको के हो ? | ३ |
| (ख) सहरी हरियाली व्यवस्थापन | १. सहरी हरियाली व्यवस्थापनको परिचय दिन । | १. सहरी हरियाली व्यवस्थापनको परिचय,<br>२. सहरी हरियाली व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू | ❑ विश्व स्वास्थ्य सङ्गठनले सहरमा बस्ने नागरिकको लागि न्यूनतम ९ वर्ग मिटर हरियाली क्षेत्र प्रति व्यक्ति चाहिने मापदण्ड कायम गरेको छ। सहरी हरियाली व्यवस्थापन भन्नाले सहरी क्षेत्रमा स्वच्छ वातावरण वनाउन सहरका भित्ताहरू, भवनका छतहरू, सडकका पेटीहरू सार्वजनिक तथा निजी स्थानहरूमा पनि हरियाली बढाउने कार्य नै सहरी हरियाली व्यवस्थापन हो भनी सहरी हरियाली व्यवस्थापनको बारे छोटो परिचय दिने । | सहरी हरियाली व्यवस्थापन सम्बन्धी लेखरचना तथा भिडियो क्लिप्स | – सहरी हरियाली व्यवस्थापनको परिचय दिनुहोस् । | १ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | २. सहरी हरियाली व्यवस्थापनको फाइदा बताउन । | १. सहरी हरियाली व्यवस्थापनका फाइदाहरू | ❑ यसका फाइदाहरूका बारेमा विद्यार्थीहरूसँग सोधी नमिलेको ठाउँमा शिक्षकले बुझाइदिने । | | १. सहरी हरियाली व्यवस्थापनसम्बन्धी कुनै २ वटा फाइदाहरू बताउनुहोस् । | |
| **९.**<br>(ग) बुनाइ | १. तानबाट कपडा बुन्ने तरिका बताउन ।<br><br>२. गलैंचा तयार गर्ने विधि बताउन । | १. तानबाट कपडा बन्ने तरिका<br><br>२. गलैंचा तयार गर्ने विधि | ❑ सर्वप्रथम विद्यार्थीहरूलाई तानबाट कपडा बुनेको तथा गलैंचा बुनेको देखेका छौ ? भनी प्रश्न गर्ने ।<br>❑ विद्यार्थीहरूलाई तानबाट कपडा बुन्ने तरिका बताउने ।<br>❑ सम्भव भए तानबाट कपडा बुन्ने स्थानीय ठाउँमा लगी अवलोकन गराउने ।<br>❑ तानबाट कपडा बुन्ने व्यक्तिसँग साक्षात्कार गराई कपडा बुन्ने तरिकाबारे सोधपुछ गर्न लगाउने ।<br>❑ त्यस्तै स्थानीय गलैंचा बुन्ने ठाउँमा लगी गलैंचा कसरी बुनिन्छ ? गलैंचा बुन्न के के सामानहरू चाहिन्छ ? जस्ता प्रश्न गर्न लगाई उनीहरूबाट आएको जवाफहरू टिप्न लगाउने ।<br>❑ ती कुराहरू कक्षामा प्रतिवेदनको रूपमा प्रस्तुत गर्न लगाउने । | भिडियो क्लिप्स, फोटोहरू | १. गलैंचा कसरी तयार गरिन्छ ? | २ |
| (घ) खेती | च्याउ खेतीको परिचय दिइ यसका फाइदाहरू बताउन । | १. च्याउ खेतीको परिचय<br>२. च्याउ खेतीका फाइदाहरू | ❑ च्याउ एक प्रकारको खानयोग्य ढुसी हो । शाकाहारी मानिसले मासुको स्थानमा च्याउलाई राख्ने गर्दछ । मासुबाट पाउने अत्यधिक एमिनो एसिडलगायतका पौष्टिक तत्त्व च्याउबाट उपलब्ध हुन्छ । कन्ये च्याउ, गोब्रे च्याउ, सिताके च्याउ, गानोडर्मा च्याउ अहिले कृषकहरूले गरिरहेका विभिन्न जातका च्याउ हुन् । आदि बताई शिक्षकले च्याउको बारे छोटो परिचय दिने ।<br>❑ नेपालमा च्याउको माग धेरै भए पनि सो अनुसारको उत्पादन हुन नसकेको कुरा बताई च्याउको फाइदाहरू बताउने ।<br>❑ सम्भव भए च्याउ खेती गरेको ठाउँमा लगी च्याउको बारे प्रतिवेदन तयार गर्न लगाउने । | च्याउ खेतीको तस्वीर तथा visual file | १. च्याउ खेती भनेको के हो ? | १ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.** (ङ) खाद्य भण्डारण | १. बढी भएका खानेकुराहरू पछिको लागि सुरक्षित राख्ने स्थानीय प्रविधिहरूको परिचय दिन । | १. तुकंमा, मल्तामा, सकिमुटुचा, सकिङाचा, लैंचाना, स्वकंचा, गुन्चा आदि । | ❑ नेवारी समाजमा परम्परादेखि आफूले खाएर बढी भएका खानेकुराहरू पछिको लागि सुरक्षित राख्ने चलन रहिआएको कुरा बताउँदै यसका प्रविधिहरूको बारे छोटो परिचय दिने ।<br>❑ विद्यार्थीहरूसँग के के खानेकुराहरू पछिको लागि सुरक्षित राखिन्छ भनी प्रश्न गर्ने ।<br>❑ विद्यार्थीहरूले बताउन नसके ती खानेकुराहरूमा तुकंमा, मल्तामा, सकिमुटुचा, लैँचाना, स्वकंचा, गुन्चा आदि खानेकुराको नाम बताउने ।<br>❑ ती खानेकुराहरू कसरी सुरक्षित राखिन्छ ? भन्नेबारे कसैको घरमा भए सोधेर आउन भन्ने र स्थानीय प्रविधिहरूको छलफल गर्ने ।<br>❑ तुकंमा, मल्तामा, सकिमुटुचा, लैँचाना, स्वकंचा, गुन्चा कसैको घरमा भए नमूनाको लागि लिएर आउन भन्ने र सबैलाई देखाउने । | तुकंमा, मल्तामा, सकिमुटुचा, लैंचाना, स्वकंचा, गुन्चाको वास्तविक वस्तु वा फोटो | १. खुर्सानीलाई पछिको लागि कसरी सुरक्षित राखिन्छ ? | ३ |
| (च) सहकारी संस्था | १. सहकारी संस्थाको परिचय दिन ।<br><br>२. सहकारी संस्थाको काम तथा फाइदाहरू बताउन । | १. सहकारी संस्थाको परिचय, काम र फाइदाहरू । | ❑ सहकार्य भन्नाले आपसमा मिलेर गरिने कामलाई जनाउँछ । एकका लागि सबै र सबैका लागि एक भन्ने सिद्धान्तबाट प्रेरित भई व्यक्ति, परिवार, समाज, र समग्र राष्ट्रको आर्थिक हित तथा सामाजिक समून्नतिको लागि गरिने एकताबद्ध प्रयास नै सहकारी हो । सहकारीको माध्यमबाट आर्थिक असमानतालाई हटाई आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ भनी सहकारीको छोटो परिचय दिने ।<br>❑ भक्तपुरमा भएका सहकारी संस्थाहरूको नाम तथा उनीहरूले समाजको लागि गरिरहेको कामका बारे छलफल गर्ने ।<br>❑ यसका फाइदाहरूबारे शिक्षकले छोटकरीमा बयान गर्ने । | सहकारीसम्बन्धी विभिन्न लेखरचनाहरू | १. सहकारी भनेको के हो ? | १ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.** (छ) छ्वाली कला | छ्वालीबाट विभिन्न चित्रहरू बनाउन । | १. छ्वालीबाट बनाइने सामग्रीहरू | ❑ छ्वालीबाट विभिन्न चित्रहरू बनाएको क–कसले देख्नुभएको छ ? भनी कक्षामा सबैलाई प्रश्न गर्ने ।<br>❑ छ्वालीबाट विभिन्न चित्रहरू बनाउने प्रक्रियाबारे कक्षामा छलफल गर्ने ।<br>❑ छ्वालीबाट विभिन्न चित्रहरू बनाउने स्थानमा लगेर वा छ्वालीबाट विभिन्न चित्रहरू बनाउन आउने व्यक्तिलाई कक्षामा बोलाएर छ्वालीबाट विभिन्न चित्रहरू निर्माण गर्ने प्रक्रिया बताउने ।<br>❑ प्रत्येक विद्यार्थीलाई छ्वालीबाट विभिन्न चित्रहरू बनाउन लगाई उनीहरूले बनाएका कलाहरू प्रदर्शन गर्ने । | छ्वालीबाट बनाइएका विभिन्न चित्रहरू तथा भिडियो क्लिप्स् । | अवलोकन | २ |
| **९.** (ज) शुभकामना कार्ड | १. शुभकामना कार्ड बनाउन । | १. शुभकामना कार्ड निर्माण | ❑ विद्यार्थीहरूलाई विभिन्न शुभकामना कार्ड देखाउँदै शुभकामना भनेको आफ्नो मनपर्ने व्यक्तिहरूजस्तै : आमा, बुबा, दाइ, दिदी, गुरु, साथीलाई राम्रो हित चिताउन दिइने सन्देशको रूपमा बयान गर्ने ।<br>❑ बजारीया शुभकामना कार्डभन्दा आफैले बनाएको मौलिक कार्ड महत्त्वपूर्ण हुने कुरा पनि बताउने ।<br>❑ यस्तो कार्ड जन्मदिन, महत्त्वपूर्ण चाडपर्व, उत्सव, खुशीयाली आदिमा दिन सकिने कुरा बनाउने ।<br>❑ इन्टरनेटको सहायताले शुभकामना कार्ड कसरी आकर्षक बनाउन सकिन्छ ? भन्ने बारे देखाउने र विद्यार्थीहरूलाई बनाउन दिने ।<br>❑ विद्यार्थीले बनाएका कार्डहरू सबैले देखिने ठाउँमा प्रदर्शन गर्ने । | शुभकामना कार्डहरू र visual footageहरू | १. प्रस्तुतिकरण तथा निर्माण गरेको सामग्रीको आधारमा मूल्याङ्कन गर्ने । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.** (झ) नेवारी खाद्य परिकार | १. नेवारी खाजा सम्हेबजीको परिचय दिन । | १. सम्हेबजीको परिचय | ❑ नेवार समुदायको विशिष्ट खाद्य परिकारको रूपमा सम्हेबजीलाई लिइन्छ । अभिष्ट पूजाआजा, जयबलि आदिका अवसरमा नेवारहरू सम्हेबजी परिकार तयार गर्छन् । सम्हेबजी परिकारहरूमा चतामरी, तिकिनबजी, कालो भटमास, लसुन, अदुवा, बोडी, अण्डा, माछा, छुयाला, बारा, साग, अचार, आलु, ऐला आदि पर्दछन् । भनी सम्हेबजीको छोटो परिचय शिक्षकले बताइदिने ।<br>❑ सम्हेबजी ककसले खानुभएको छ ? भनी कक्षामा विद्यार्थीहरूलाई सोध्ने ।<br>❑ उनीहरूले खानुभएको सम्हेबजीमा माथि भनिएको परिकारहरू छन् कि छैनन् भनी प्रश्न गर्ने ।<br>❑ सम्भव भए सम्हेबजी परिकार विद्यालयमा बनाएर सबैले बाँडी खाने व्यवस्था मिलाउने । | सम्हेबजीको लेख रचनाहरू भिडियो क्लिप्स् | १. सम्हेबजी भनेको के हो ? | २ |
| | २. सतुंग्वारा, शाख्ला तथा तीलको लड्डू बनाउन | १. सतुंग्वारा, शाख्ला तथा तीलको लड्डू बनाउन आवश्यक सामग्रीहरू | ❑ सतुंग्वारा, साख्ला तथा तीलको लड्डू देखाउँदै यो के हो ? यो कसरी बनाइन्छ ? यसका फाइदाहरू केके छन् ? चकलेटभन्दा सतुंग्वारा, साख्ला तथा तीलको लड्डू किन फाइदा छन् ? जस्ता प्रश्न गरी छलफल गर्ने ।<br>❑ सतुंग्वारा, साख्ला तथा तीलको लड्डू बनाउन आवश्यक सामग्रीहरू (सख्खर वा चाकु, दूध, घिउ, भुटेको गहुँको पीठो, भाँडाकुँडा, तील, ग्याँस) जम्मा गरी बनाउने प्रक्रियाबारे जानकारी दिने ।<br>❑ सबैलाई सतुंग्वारा, साख्ला तथा तीलको लड्डू बनाउन दिने । | सतुंग्वारा, साख्ला तथा तीलको लड्डू बनाउन चाहिने सामग्रीहरू तथा भिडियो क्लिप्स् । | २. सतुंग्वारा, साख्ला तथा तीलको लड्डू बनाउने प्रयोगात्मक कक्षामा सहभागिता | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१०. स्थानीय उपचार विधि (प्रवर्द्धन विधि)** | १. विभिन्न अवस्थामा प्रयोग हुन कुनै पाँच जडीबुटीहरूको सूची तयार गर्न । | विभिन्न अवस्थामा प्रयोग हुन स्थानीय जडीबुटीहरू जस्तै, जाइफल, कपुर, चन्दन, केशरी, असुरो, दुबो, श्रीखण्ड, बकाइनोको फल, आदि | ❑ तपाईको दैनिक वा कहिलेकाहीँ विभिन्न अवस्थामा प्रयोग हुन स्थानीय जडीबुटीहरू के के छन् ? भनी प्रश्न सोध्ने ।<br>❑ उनीहरूबाट आएका उत्तरहरू सेतोपाटीमा टिप्ने र तिनीहरूमध्ये प्रयोगको आधारमा छुट्याउने र सकेसम्म तिनीहरूको औषधिको गुण बताउने ।<br>❑ तीबाहेक जाइफल, कपुर, चन्दन, केशरी, असुरो, दुबो, श्रीखण्ड, बकाइनोको फल आदिको प्रयोग हुने अवस्था र उपयोग बताउने ।<br>❑ नामअनुसारको जडीबुटीहरू पहिचान गर्न लगाउने ।<br>❑ कुन जडीबुटीले के काम गर्न चित्रको सहयोग लिई बताउने ।<br>❑ जडीबुटीबारे घरमा पनि छलफल गर्न लगाउने र नाम टिपेर कक्षामा प्रस्तुत गर्न लगाउने । | वास्तविक जडीबुटीहरू वा चित्रहरू | १. जडीबुटीहरूको एल्बम बनाउनुहोस् ।<br><br>२. विशेष अवस्थामा प्रयोग हुने कुनै पाँच पाँचवटा जडीबुटीहरूको नाम लेख्नुहोस् । | ८ |
| | २. प्राकृतिक र आयुर्वेदिक उपचार विधिबारे बताउन गर्न । | १. प्राकृतिक र आयुर्वेदिक उपचार विधि | ❑ विभिन्न उपचार विधिहरूबारेमा छलफल गर्ने जस्तै, आलोपाथिक, होमियोपाथिक, प्राकृतिक, आयुर्वेदिक आदि ।<br>❑ यस प्रकारका उपचार विधिहरूमध्ये प्राकृतिक र आयुर्वेदिक बारेमा जानकारी गराउने ।<br>❑ हामीले प्रयोग गरी आएको प्राकृतिक र आयुर्वेदिक उपचार विधिमध्ये एक दुई वटा बताइदिने ।<br>❑ त्यसको लागि घरमा अभिभावकसँग तथा जानकार सँग सोधेर आई कक्षामा प्रस्तुत गराउन लगाउने । | फोटो | ३. ज्वरो आउँदा घरमा नै गरिने उपचार विधि उल्लेख गर्नुहोस् । | |

| क्षेत्र | चर्चको लेख रचनाहरू | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **११. स्थानीय खेल** | १. स्थानीय खेलहरू खुत्याँ कासा (तीन खुट्टे दौड) खेल्न । | बालगीतसहितका खेलहरू<br>१. खुत्याँ कासा (तीन खुट्टे दौड) | ❏ सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने ।<br>❏ खेल खेलाउनुअघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>❏ चउरमा लगि विद्यार्थीहरूलाई समूहमा छुट्याई खुत्या कासा (तीन खुट्टे दैाड) खेलाउने ।<br>❏ चुनले लाम्चो आकारको कोठाहरू बनाई प्रत्येक दुई जनाको एउटा एउटा खुट्टालाई बाँधेर तीन खुट्टे बनाई ती कोठामा राखी दौडाउने ।<br>❏ जुन समूहले कम समयमा निर्धारित दूरी पार गर्छ उक्त समूहको जीत हुन्छ । | गोटीहरू, रुमाल खेलका नियम | अवलोकन | ५ |
| | २. स्वकुं धु कासा (तीन कुने बाघ चाल) खेल खेल्न । | २. स्वकुं धु कासा (तीन कुने बाघ चाल) | ❏ स्वकुं धु कासा खेलाउन विद्यार्थीहरूलाई यो खेल खेल्ने नियम बताउने ।<br>❏ यस खेलमा एउटा बाघ र छ वटा बाख्राका गोटीहरू हुन्छन् ।<br>❏ एउटा बोर्डमा वा चउरमा स्वकुं धु कासाको चित्र बनाई एक जना विद्यार्थीलाई बाघको गोटी चाल्न दिने र अर्को एक जनालाइ बाख्राको गोटी चाल्न दिने ।<br>❏ यदि बाघले सबै बाख्रा खायो भने बाघ पक्षको जीत हुन्छ तर बाख्राले बाघलाई थुन्न सकेमा बाख्राको जीत हुन्छ ।<br>❏ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>❏ घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने ।<br>❏ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>❏ विद्यार्थीहरूले क–कसले राम्रो खेले/नखेलेको रेकर्ड राख्ने । | गोटी बोर्ड | अवलोकन | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१२. स्थानीय पर्यटन** | १. पर्यटकहरू घुम्न आउनाका कारणहरू बताउन । | १.पर्यटकहरू घुम्न आउनाका कारणहरू कला सम्पदा, संस्कृति, संस्कार हेर्न, मनोरन्जन गर्न, प्राकृतिक दृश्यावलोकन गर्न, नयाँ ठाउँको जानकारी लिन, अध्ययन अनुसन्धान गर्न आदि । | ❑ पर्यटकको बारेमा विद्यार्थीहरू बीचमा छलफल गरी ख्वपको कुनै ठाउँमा लगी विभिन्न देशका पर्यटकहरू घुम्न आएको देखाउने ।<br>❑ विद्यार्थिहरू कुनै ठाउँमा घुम्न गएको बारेमा सोधेर उनीहरू कहाँ र किन घुम्न गएको भन्ने बारेमा छलफल गर्ने ।<br>❑ पर्यटकहरू ख्वपमा किन घुम्न आउँछ विद्यार्थीहरूबाट जवाफ लिई सेतोपाटीमा लेख्दै त्यसबारेमा छलफल गर्ने ।<br>❑ विद्यार्थीहरूबाट नआएका थप कारणहरू शिक्षकले लेखेर प्रस्तुत गरिदिने । | १. पर्यटकीय स्थानहरूको फोटोहरू<br><br>२. पर्यटकहरूको लागि स्थानीय उत्पादनहरूका फोटोहरू<br><br>३. भिडियो क्लिप्स | १. भक्तपुरका कुनै पाँच वटा पर्यटकीय स्थानहरू भन्नुहोस् । | १० |
| | २. सहरी संस्कृतिको बयान गर्न । | १. सहरी संस्कृतिमा परम्परागत सहर तथा आधुनिक सहर | ❑ सहरी संस्कृतिबारे जानकारी दिइ परम्परागत र आधुनिक सहरबिचको फरक बताउने ।<br>❑ ख्वप सहर पुरानो एवं परम्परागत सहर भएको बताई यसको विषेशताबारे छलफल गर्ने । | फोटो | २. परम्परागत र आधुनिक सहरबिच फरक बताउनुहोस् । | |
| | ३. पर्यटकसँग आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध देखाउन । | १. पर्यटक र आर्थिक सम्बन्धमा पर्यटक शुल्क पर्यटन उद्योग तथा स्थानीय उत्पादनहरू जस्तै, भादगाउँले टोपी, जु जु धौ, हस्तकलाहरू, मुकुण्डो, उपहारका सामग्रीहरू आदि । | ❑ पर्यटक र आर्थिक विकासबिचको सम्बन्धबारे छलफल गरी आर्थिक क्रियाकलापहरू बताउने जस्तै, पर्यटक शुल्क र यसको प्रयोग, पर्यटन उद्योग तथा स्थानीय उत्पादनहरू जस्तै, भादगाउँले टोपी, जु जु धौ, हस्तकलाहरू, मुकुण्डो, उपहारका सामग्रीहरू आदि । | फोटो | ३. पर्यटकसँग किन शुल्क लिनुपर्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | पर्यटक र सामाजिक अवस्था बीचको सम्बन्ध बताउन । | २. पर्यटक र सामाजिक सम्बन्ध | ❑ पर्यटकले समाजमा पारेको सकारात्मक र नकारात्मक असरबारे विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाई नपुग शिक्षकले थपिदिने । | | ३. पर्यटक र सामाजिक अवस्थाबिचको सम्बन्ध बताउनुहोस् । | |
| | | ३. पर्यटक र सांस्कृतिक सम्बन्ध | ❑ सांस्कृतिक कला र सम्पदा संरक्षणको लागि पर्यटनको भूमिकाबारे प्रस्तुत गरी दिने ।<br>❑ पर्यटकसँग सम्बन्धित विभिन्न भिडियो क्लिप्सहरू देखाई छलफल गराउने । | | | |

स्थानीय पाठ्यक्रम – २०८२

## निरन्तर मूल्यांकन प्रणाली कक्षा – ५

## विद्यार्थी सिकाइ उपलब्धि मूल्यांकन अभिलेख पुस्तिका

१. आन्तरिक मूल्यांकन प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ स्तर सुधार गर्नु हो ।

२. प्रत्येक पाठको सिकाइ उपलब्धि प्राप्त गर्न विद्यार्थीहरूलाई पटक–पटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ ।

३. सिकाइ उपलब्धि प्राप्तिको लागि कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, परीक्षाहरू जस्ता मूल्यांकनका साधनहरूको प्रयोग गर्न सकिनेछ ।

४. आन्तरिक मूल्यांकनको प्रमाणिक मूल्यांकन गर्न अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्नेछ ।

५. कक्षा ४ र ५ को लागि आन्तरिक मूल्यांकन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी अन्तिम मूल्यांकन गर्नुपर्ने छ ।

६. आन्तरिक मूल्यांकनको सामान्य आधार निम्नानुसार हुनेछः

| क्र.सं. | मूल्यांकनका आधार | अंकभार |
|---|---|---|
| १. | कक्षा सहभागिता र सिकाइ सक्रियता | ४ |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३. | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य क्रियाकलाप | १६ |
| ४. | एकाइ परीक्षा वा अन्य परीक्षा | १० |
| | जम्मा | ५० |

वार्षिक परीक्षा निम्नानुसार हुनेछ :

### विशिष्टिकरण तालिका

कक्षा : ४ पूर्णांक : ५०


विषय : स्थानीय पाठ्यक्रम समय : २ घण्टा

| इकाइ | पाठ्यभार | ज्ञान (K) | बोध (U) | सीप (S) | उच्च दक्षता (HA) | जम्मा (Total) | टिप्पणी (Remarks) |
|---|---|---|---|---|---|---|---|
| १ | १० | १ x १ | १ x ३ | | | ४ | |
| २ | ५ | | १ x ३ | | | ३ | |
| ३ | १३ | १ x १ | | १ x ३ | | ४ | |
| ४ | १० | १ x १ | | | १ x ५ | ६ | |
| ५ | १६ | | १ x १ | १ x ३ | | ४ | |
| ६ | १५ | १ x १ | | | १ x ५ | ६ | |
| ७ | ७ | | १ x ३ | | | ३ | |
| ८ | १९ | | १ x १ | १ x ३ | १ x ५ | ९ | |
| ९ | १४ | | १ x १ | १ x ३ | | ४ | |
| १० | ८ | | १ x ३ | | | ३ | |
| ११ | ५ | १ x १ | | | | १ | |
| १२ | ६ | | १ x ३ | | | ३ | |
| जम्मा | १२८ | ५ | १८ | १२ | १५ | ५० | |

| प्रश्नको किसिम | प्रश्न संख्या | अंक |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ३ | ३ x ५ = १५ |
| छोटो उत्तर आउने प्रश्न | ९ | ९ x ३ = २७ |
| अति छोटो उत्तर आउने प्रश्न | ८ | ८ x १ = ८ |
| जम्मा | २० | ५० |



अखण्डशील महाविहार, बोलाछेँ



अँचा पुखु, महाकाली पीठ



भक्तपुरको करुणामय (लस्कः द्यः)



गुँला बाजा



गुँला बाजा